# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ६ अङ्क ३१ पूर्णाङ्क २६९ | २०७८ माघ १७ गते सोमबार | Monday, 31 Jan., 2022 | पृष्ठ ८ | मूल्य रू. १०/-


## मार्क्सवादी कवि मित्रलाल पंज्ञानीलाई मातृशोक



काठमाडौं । अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय उपाध्क्ष र अखिल नेपाल लेखक सङ्घका केन्द्रीय अध्यक्ष तथा इच्छुक सांस्कृतिक प्रतिष्ठानका सदस्यसचिव समेत रहनुभएका वरिष्ठ मार्क्सवादी कवि मित्रलाल पंज्ञानीलाई यतिवेला मातृशोक परेको छ ।

लामो समयसम्म अस्पतालमा उपचार गराइरहनु भएकी आमा खिनाकुमारी पंज्ञानी ८१ वर्षको उमेरमा हिजो सहिद गंगालाल अस्पतालमा निधन भएको हो । उहाँको जन्म वि.सं. १९९७ भदौ ५ गते भएको वक्तव्यमा जनाइएको छ । लामो समयदेखि मुटु तथा *बाँकी ४ पेजमा*

# २१ माघमा एमसीसी र सीमा अतिक्रमणको विरोधमा देशव्यापी विरोध प्रदर्शन

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले २१ माघमा देशव्यापी विरोध प्रदर्शन गर्ने भएको छ । अमेरिकाको साम्राज्यवादी मिसनमा आधारित मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) र इण्डियाको विस्तारवादी हस्तक्षेप र सीमा अतिक्रमणको विरोधमा देशव्यापी विरोध प्रदर्शनको आयोजना गरेको हो । क्रान्तिकारी माओवादीको हालै सम्पन्न स्थायी समितिको बैठकले माघ २१ गते देशव्यापी रूपमा विरोध प्रदर्शन गर्ने निर्णय गरेको पार्टीका महासचिव मोहन वैद्य किरणले आइतबार जारी गर्नुभएको वक्तव्यमा जनाइएको छ ।

१५ माघ २०७८ मा सम्पन्न पार्टीको स्थायी समितिको बैठकका निर्णय वक्तव्य मार्फत् सार्वजनिक गर्दै पार्टी महासचिव मोहन वैद्य किरणले राष्ट्रिय स्वाधीनताको रक्षा र सार्वभौमिकताको विषयमा सङ्घर्षलाई एकल तथा संयुक्त रूपमा अझै विकसित तुल्याउँदै जानुपर्ने आवश्यकतालाई गंभीरतापूर्वक आत्मसात गरी यही माघ २१ गते देशव्यापी रूपमा विरोध प्रदर्शनको कार्यक्रम राख्ने निर्णय गरेको जनाउनु भएको छ ।

वक्तव्यमार्फत् महासचिव किरणले सो विरोध प्रदर्शनको कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न *बाँकी ६ पेजमा*




## राष्ट्रिय जनगणनाको नतिजा सार्वजनिक

### धेरै र थोरै जनसंख्या भएका जिल्लाहरु




काठमाडौं । केन्द्रीय तथ्यांक विभागले बुधबार राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा सार्वजनिक गर्यो । जसअनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४८० भएको उल्लेख गरिएको छ ।

विभागले हरेक सबै जिल्लादेखि स्थानीय तहसम्मको जनसंख्या विवरण पनि सार्वजनिक गरेको छ । विभागका अनुसार गाउँपालिकातर्फ सबैभन्दा धेरै जनसंख्या भएका ५ गाउँपालिकाहरूमा बाँके जिल्लाको बैजनाथ, राप्तीसोनारी र खजुरा, रूपन्देही जिल्लाको मायादेवी र कपिलवस्तु जिल्लाको मायादेवी रहेका छन् । यस्तै सबैभन्दा कम जनसंख्या भएका ५ गाउँपालिकाहरूमा मनाङ जिल्लाको नार्पा भूमी, मुस्ताङ जिल्लाको लो-घेकर दामोदरकुण्ड, मनाङ जिल्लाको मनाङ डिस्याङ र नासो गाउँपालिका रहेका छन् ।

सबैभन्दा धेरै जनसख्या बाँके जिल्लाको बैजनाथ गाउँपालिकामा ७०,३१५ र सबैभन्दा कम *बाँकी ४ पेजमा*

# नेपालका चारवटा गाउँपालिका डुबानमा पर्ने गरी इण्डियाले सुस्तामा बनायो सडक



बुटवल । पश्चिम नवलपरासीको सुस्ता क्षेत्रमा इण्डियाले फेरि नेपाली भूभाग डुबानमा पर्ने गरी सडक निर्माण थालेको छ । सुस्ता क्षेत्रका सुस्ता, प्रतापपुर, सरावल र पाल्हीनन्दन गरी चारवटा गाउँपालिकाको दक्षिणी भूभाग डुबान हुने गरी इण्डियाले करिब २७ किलोमिटर लामो सडक बनाउन थालेको हो ।

इण्डियाले दशगजादेखि २५ मिटरको दूरीभित्रै आफ्नै भूमिमा सडक बनाउन थालेको छ । तर यो सडकको ठाउँ ठाउँमा कल्भर्ट वा ह्युमपाइप नराख्दा पानीको प्राकृतिक बहाव थुनिने र वर्षायाममा नेपाली भूभाग डुबानमा पर्ने डरले सुस्ता क्षेत्रका बासिन्दा चिन्तित बनेका छन् ।

इण्डियन पक्षले ६ फिट अग्लो र ३० मिटर चौडा सडक बनाउन अहिले माटो फिलिङ गरिरहेको छ । पानीको बहावको निकास नराखी सडक बनाउन थालेपछि सुस्ता क्षेत्रका चार वटै गाउँपालिकाले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र *बाँकी ४ पेजमा*


# मोहनविक्रम सिंहको मसाल र चित्रबहादुर केसीको राष्ट्रिय जनमोर्चा विभाजित

**कृष्णराज पौडेल नेतृत्वको राष्ट्रिय जनमोर्चाको विशेष भेला सम्पन्न, ५१ सदस्यीय केन्द्रीय समन्वय समिति गठन**




काठमाडौं । ने.क.पा. (मसाल) को वैद्यानिक मोर्चा राष्ट्रिय जनमोर्चाले आज एक बृहत भर्चुअल विशेष भेला गरी कृष्णराज पौडेलको अध्यक्षतामा ५१ सदस्य केन्द्रीय समन्वय समिति गठन गरेको छ । नयाँ गठितराष्ट्रिय जनमोर्चा केन्द्रीय समितिका अध्यक्ष कृष्णराज पौडेलले भनेका छन् : *बाँकी ४ पेजमा*

# नेपालतिर नदीको बहाव फर्काउने गरी इण्डियाले बनायो महाकालीमा तटबन्ध, जोखिममा दार्चुला सदरमुकाम




काठमाडौं । दार्चुलामा महाकाली नदीनै थुनिनेगरी इण्डियाले तटबन्ध बनाइरहेको छ । दार्चुला सदरमुकाम क्षेत्रभित्र महाकाली नदीमा इण्डियन पक्षबाट नदीको प्रवाह प्रभावित हुनेगरि तटबन्ध निर्माण गरिरहेको हो । इण्डियन बाँधका कारण ०७० सालको बाढीबाट दार्चुला सदरमुकाम लगायत अन्य क्षेत्रमा ठूलो जनधनको क्षति भएको थियो । अहिले पनि इण्डियाले नेपालतिर नदीको बहाव फर्काउने गरी भइरहेको तटबन्धले फेरि पनि सदरमुकाम खलंगा जोखिममा पर्ने स्थिति बनेको छ ।

अहिले इण्डिया सरकारले पुराना तटबन्ध *बाँकी ४ पेजमा*

# जातीय मुक्ति आन्दोलन र नेवार समुदाय

***जनजाति समुदाय भनेको कबिलाभन्दा माथिको र जातिभन्दा तलको समुदाय हो । जनजाति समुदाय वंशगत रक्तसम्बन्धमा कम र भूगोल, भाषा एवम् संस्कृतिमा बढी आधारित हुन्छ । जाति मानिसहरूको ऐक्यताको विकसित रूप हो । जातिलाई अर्को शब्दमा राष्ट्र पनि भनिन्छ***



● किरण ●

***आमुख***

नेपाल अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक अवस्थामा रहेको एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसाँस्कृतिक देश हो । नेपाली जनता सामन्तवाद, साम्राज्यवाद र विस्तारवादबाट उत्पीडित रहिआएका छन् । नेपाली समाज ऐतिहासिक रूपले विकसित वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय तथा जातव्यवस्थामा आधारित अनेकौं अन्तर्विरोधहरूमा जेलिएको छ । नेपाली जातीय मुक्ति आन्दोलन पनि यसै प्रकारका अन्तर्विरोधहरू अन्तर्गत पर्दछ । नेवार जातिको उत्पीडन र मुक्तिको प्रश्न पनि यहीं जोडिएको छ । प्रस्तुत लेखमा मार्क्सवादी विश्वदृस्टिकोणका आधारमा जातीय मुक्ति आन्दोलनबारे छोटो चर्चा गर्ने प्रयास गरिएको छ ।

***दार्शनिक मान्यता***

मार्क्सवादी विश्वदृस्टिकोण भनेको द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृस्टिकोण हो । यसले सर्वहारावर्ग एवम् उत्पीडित जनसमुदायको मुक्ति एवम. हकहितको पक्षपोषण गर्दछ । द्वन्द्वात्मक भौतिकवादले जातीय मुक्तिआन्दोलनलाई सम्बन्धित युग, समाज तथा देश विशेषको विशिस्ट स्थिति र सामाजिक तथा आर्थिक पक्षको समग्रतामा हेर्दछ । यसले सबैखाले अधिभूतवाद र अमूर्तताका विरुद्ध ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा जातीय मुक्तिआनदोलनको अध्ययन गर्दछ । जातीय मुक्तिआन्दोलनको वास्तविक अध्ययन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी मान्यताका आधारमा गर्न सकिन्छ ।

ऐतिहासिक भौतिकवादका अनुसार जातिको विकासको लामो ऐतिहासिक प्रक्रिया र पृष्ठभूमि रहेको छ । यसलाई हामीले निश्चित समाजको उत्पादक शक्ति र उत्पादन सम्बन्ध बीचको अन्तर्विरोधको विकासको प्रक्रियामा बुझ्नुपर्दछ । मानवजातिको विकास आफ्ना आवश्यकताहरूको परिपूर्तिका लागि सम्पन्न गरिने श्रमकार्यका बीचबाट भएको हो । मानवसमुदायको *बाँकी ७ पेजमा*

# सम्पादकीय

## देश बचाउने जिम्मा देशभक्त क्रान्तिकारीहरुको !

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याका हिसाबले मुलुक अत्यन्तै संकटपूर्ण अवस्थाबाट गुज्रदो छ । चरम भ्रष्टाचार, बेथिति, महंगी, बेरोजगारी, हत्या हिंसा, छुवाछुत जस्ता घटनाहरुको तीव्रताले वर्तमान संसदीय व्यवस्था चौतर्फी रुपमा बद्नाम छ । देशभक्त तथा क्रान्तिकारी शक्तिहरुले भनेझै तत्कालीन सरकार प्रमुख केपी ओलीको विकल्पले समस्याको समाधान गर्दैन भन्ने कुरा शेरबहादुर देउवाको ६ महिने कार्यकालले राम्रोसँग पुष्टि गरिसकेको छ । देउवा सरकारको ६ महिने कार्यकालले नेपाललाई देशमा यतिधेरै नालायकीपनको प्रदर्शन गरेको छ कि देश नै असफलत राष्ट्र बन्ने स्थितितर्फ उद्दत छ । राष्ट्र र जनताको हितविपरीतको काममा ओली नेतृत्वको तत्कालीन सरकारले कायम गरेका रेकर्डहरुहरुलाई अझ उछिन्ने काम देउवा सरकारले गरेको छ । अमेरिकाको साम्राज्यवादी मिसनमा आधारित एमसीसी सम्झौता सदनबाट पास गर्ने तर लिम्पियाधुरा-लिपुलेक-कालापानी क्षेत्र लगायत अतिक्रमित नेपाली भूमि फिर्ता ल्याउने दिशामा केही काम नगर्ने हो भने देउवा नेतृत्वको सरकारले हेर्दाहेर्दै नेपाललाई पूर्णरुपमा उपनिवेश बनाउने देखिदै गएको छ ।

भारतले नेपालको लिम्पियाधुरा-लिपुलेक-कालापानी क्षेत्रमा पक्की सडक निर्माण गरिरहेको सगर्व घोषणा गरिरहेको छ । उक्त भूमि फिर्ताका निम्ति राजनीतिक तथा कुटनीतिक वार्तालाई प्रभावकारी रुपमा अगाडि बढाउनु पर्ने जिम्मा बोकेको देउवा सरकार भारतका प्रधानमन्त्रीले सार्वजनिक रुपमा नेपाली भूमिका सडक बनाएको घोषणा गरिरहँदा त्यसको विरोधमा बोल्न समेत सक्दैन । सरकारको लम्पसारवादी चरित्रको चौतर्फी रुपमा आलोचना भएपछि केवल औपचारिक रुपमा झारा टार्ने शैलीमा विरोध गरीमात्रै टोपल्छ । तर भूमि फिर्ताको विषयमा कुनै ठोस कदम चाल्ने आवश्यकताको समेत बोध गर्दैन । उक्त भूमि भारतकै भएको भनेर नेपाल सरकारलाई अवगत गराइसकेको भनेर नेपालस्थित भारतीय दुतावासले वक्तव्यबाजी गर्दा समेत त्यस विषयमा देउवा सरकार यथार्थ स्पष्ट पार्दैन । बरु उही विस्तारवादी मुलुक भारतका शासकहरुको चाकडी र दलालीमा कुर्सीको आयु लम्ब्याउने कसरत गरिरहन्छ ।

बरु देउवा सरकार महामारीको ग्राफको सन्त्रास बढाउँदै नागरिकलाई घरभित्र थुनेर एमसीसीजस्तो राष्ट्रघाती सम्झौता सदनबाट पास गर्न लागिपरेको छ ।संविधानतः पाँचवर्षे कार्यकाल सकिनै लाग्दा पनि निर्वाचन घोषणामा समेत एमसीसीलाई कार्डको रुपमा प्रयोग गरिएको छ । अहिले नेपालको राजनीतिको केन्द्रमा एमसीसी सम्झौता रहेको छ । पछिल्लो पटक अमेरिका जसरी पनि नेपालको सदनबाट एमसीसी पास गराएरै छाड्ने गरी दबाब सिर्जना गरिरहेको छ । एमसीसीको मुख्यालयले सिधै नेपालका नेताहरुलाई डिल गरेर दबाब र धम्की एकसाथ दिने गरेको उच्चस्तरीय राजनीतिक स्रोतले दाबी गरेको छ ।

साम्राज्यवादी मुलुक अमेरिकाले आफ्नो साम्राज्यवादी मिसन अन्तर्गत नेपाललाई एमसीसी सम्झौतालाई प्रयोग गर्न खोजेको कुरा कसैबाट छिपेको छैन । अमेरिकाले चीनका विरुद्ध आफ्ना गतिविधि गर्न नेपाली भूमिलाई प्रयोग गर्न खोजेको प्रष्टै देखिन्छ । यहाँको प्राकृतिक तथा मानवीय स्रोतसाधनलाई चीनका विरुद्ध प्रयोग गर्ने डिजाइनअन्तर्गत नै एमसीसी सम्झौता गरिएको हो र नेपालको संविधान तथा कानुनभन्दा माथि वा सो सरह बनाएर लागू गर्नलाई यो सम्झौता सदनबाट पास गर्न दबाब उसले दिँदै आएको छ । र, दबाब बढाइरहेको पनि छ । यता अमेरिका र भारतको दलाली गरेर देश र जनतालाई लुट्ने र शासनसत्ताको मालिक बनिरहने ध्याउन्नमा रहेका दलाल पुँजीपति शासकहरु अहिले एमसीसी पास गर्न कम्मर कसेर लागिरहेका छन् । त्यसको अगुवाइ प्रधानमन्त्री समेत रहेका शेरबहादुर देउवाले गरिरहेका छन् । र, प्रतिपक्षी एमालेका अध्यक्ष केपी ओलीले पनि एमसीसी पास गर्ने भित्री सहमति दिइसकेका छन् ।

यसरी देशै विदेशीको हातमा सुम्पने र नेपालीहरुलाई अनन्तकालसम्म गुलाम बनाउने राष्ट्रविरुद्धको अपराधकर्म गर्न उद्दत दलालहरुका विरुद्ध देशभक्त र क्रान्तिकारीहरु संघर्षमा उत्रन जरुरी छ । र, आम जनतामा पनि चेतना जागरण पैदा गराउन जरुरी छ । अब देशको स्वाधीनता र सार्वभौमिकता बचाउने जिम्मा र कार्यभार सच्चा देशभक्त र क्रान्तिकारीहरुको हातमा आएको छ । देशभक्त र क्रान्तिकारी शक्तिहरु एकताबद्ध भएर देशको स्वाधीनता र सार्वभौमिकताको रक्षाका लागि देशव्यापी संघर्षको उठान गर्न आवश्यक छ ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# राष्ट्रिय स्वाधीनता र आन्तरिक राष्ट्रियताबारे



● पवनमान श्रेष्ठ ●

***विषय प्रवेश***

नेपाल जस्तो बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुधार्मिक देशमा विगतका हरेक आन्दोलन, संघर्ष र युद्धहरू आत्मसमर्पन तथा संझौताहरूमा टुंगिएको कारणले गर्दा आज राष्ट्रियताको समस्या गणतन्त्र स्थापना भइसक्दा पनि ज्युँकात्युँ मात्र होइन, झन् गंभीर बनेको छ । तर नेपालमा राष्ट्रियताको कुरा गर्दा देशको भूगोल अथवा सीमानामा बाह्य शक्तिले गर्ने हस्तक्षेपको रूपमा मात्र बुझ्ने चलन पनि छ । यहाँ यस्तो पनि प्रचलन छ कि राष्ट्रियताको समस्यालाई आम रूपमा नेपालमाथि बाह्य शक्तिको हस्तक्षेप मात्र बुझ्ने । तर यी आंशिक बुझाई मात्र हुन् । वास्तवमा राष्ट्रियताको सवाल देशमाथि बाह्य मुलुकबाट गरिने अवान्छित क्रियाकलाप र हस्तक्षेप तथा देशभित्रकै आदिवासी जनजातिमाथि हुने उत्पीडन र हस्तक्षेप पर्दछन् । त्यसैले राष्ट्रियताको सवाल आन्तरिक र बाह्य पक्ष दुबै हुन्छन् । राष्ट्रियताको मुल तत्व भनेको यहाँका जनता हुन् । जनताका आर्थिक, राजनैतिक, सामाजिक, साँस्कृतिक र भूगोल बाह्य राष्ट्रियता अन्तर्गत पर्दछन् भने आन्तरिक राष्ट्रियता पनि सम्बन्धीत भूगोलका आदिवासी जनजाति, उनीहरूको अर्थतन्त्र, भाषा, कला, संस्कृति, धर्म आदि पर्दछन् ।

***भाषिक जटिलता र भ्रम***

नेपालमा राष्ट्रियताको आन्दोलनमा अनेक किसिमका भ्रम छर्ने काम हुँदै आएको छ । यसमा सघाउने काम भाषिक जटिलताले पनि गरेको देखिन्छ । राष्ट्रियताको कुरा गर्दा जनस्तरमा सरल तरिकाले बुझ्नका लागि एउटा गंभीर समस्या भाषिक रूपमा रहेको । भाषिक रूपमा कतिपय शब्द तथा पदावलीहरूको दोहोरो र तेहोरो अर्थ लाग्ने र कतिपय शब्द तथा पदावलीहरूको उच्चारण उस्तै उस्तै हुने तर अर्थ फरक हुने गर्दछन् । एउटै शब्दका धेरै अर्थ हुने शब्दको ठिक अर्थ ग्रहण गर्न नसक्दा र उच्चारणमा उस्तै भएका तर अर्थ फरक भएका शब्दहरूको एउटै अर्थमा बुझ्दा गंभीर समस्या पैदा हुने गरेको छ । यस्तो हुनुमा भाषाको समस्या वा जटिलताले पनि ठुलो भूमिका खेलेको देखिन्छ भने अर्कोतिर आफ्नो स्वार्थ सिद्ध गर्न चाहने प्रतिक्रियावादी र अतिवादीहरूको सुनियोजित भ्रमले राष्ट्रियतालाई बुझ्ने सवालमा झन् गंभीर समस्या पैदा गरेको छ । राष्ट्रियता सम्बन्धि कतिपय शब्दहरू विभिन्न ऐतिहासिक चरणहरूमा फरक फरक रूपमा पनि प्रयोग भएका छन् । त्यसैले मानव समुदायको विकास क्रममा प्रयोग हुँदै आएका ती पदावलीहरूका वारेमा पनि हामी स्पस्ट हुनु जरुरी छ । यसलाई वैज्ञानिक ढंगले अर्थात ऐतिहासिक भौतिकवादका आधारमा बुझ्न जरुरी छ ।

नेपालमा शब्द प्रयोग तथा बुझाइमा रहेको समस्यामा राष्ट्र र जाति, राष्ट्र र देश, जाति र जात तथा जातिलाई जुनसुकै समुदायबाट आएका मानिसका लागि जथाभावि प्रयोग गर्ने चलन रहेको छ । यसले गर्दा यी महत्वपूर्ण पदावलीहरूलाई बुझ्न र ग्रहण गर्न गाह्रो भएको छ । राष्ट्रलाई देशको रूपमा बुझ्ने र जातिलाई जातको अर्थमा, नस्लको अर्थमा अथवा कुनै ठाउँका वा समुदायका मानिसको अर्थमा प्रयोग भएको पाइन्छ । जस्तै ज्यापु जाति, दलित जाति, चेपाङ्ग जाति, मधेशी जाति, नेपाली जाति, मानिस जाति आदि । वास्तवमा जाति राष्ट्रको अर्थमा प्रयोग हुँदै आएको शब्द हो । अर्कोतिर वर्ण, जात वा थरलाई पनि जातिको रूपमा प्रयोग गर्ने र बुझ्ने गंभीर समस्याका रूपमा छ । जस्तै बाहुन जाति, क्षेत्री जाति, श्रेष्ठ जाति आदि । यी प्रयोगहरू नितान्त गलत छन् । जाति वा राष्ट्र (nation) निश्चित भूगोलका साझा भाषा, साझा आर्थिक जीवन पद्धति, साझा संस्कृति र साझा मनोविज्ञान भएका स्थिर मानव समुदाय नै हो, अर्को अर्थमा होइन । जाति शब्द वृहत्त रूपमा प्रयोग गरिने हुँदा यसको सट्टामा राष्ट्र शब्द प्रयोग नै बैज्ञानिक हुन्छ ।

देश (country) भन्ने शब्द ११ औं शताब्दीमा कुनै राजा अथवा शासकको शासनसत्ता वा राज्यले चर्चेको भूगोलको अर्थमा प्रयोग भएको शब्द हो । यसले राष्ट्र वा जातिको अर्थ ग्रहण गर्दैन । सामन्तवादी युगमा देश वा त्यस भूगोलभित्र विभिन्न राष्ट्र वा मानव समुदाय रहन्थे । जाति वा राष्ट्र (nation) शब्द १२ औं शताब्दीमा प्रयोगमा आएको शब्द हो । तर पूँजीवादको विकाससँगै राष्ट्रिय (जातीय) (national) मुक्ति आन्दोलन तथा राष्ट्रिय (जातीय) (national) राज्य बन्न थालेपछि राष्ट्र (nation) शब्दलाई देश (country)को अर्थमा बुझ्ने र प्रयोग गर्ने चलन आयो । तर जाति वा राष्ट्र (nation) ले निश्चित गुण भएका मानव समुदायलाई बुझाउँदछ भने देश (country)ले निश्चित शासनसत्ताभित्रको भूगोललाई जनाउँदछ ।

जाति र जातको कुरा गर्दा जातिभित्रका विभिन्न समुहमा विभाजित समुदाय हो । यसलाई थरको पर्यावाचीको रूपमा पनि प्रयोग गरिन्छ । जस्तै नेवाः जातिभित्र श्रेष्ठ जात वा थर, महर्जन जात वा थर आदि ।

***राष्ट्र (जाति) (nation)को विकास र राष्ट्रिय (जातीय) मुक्ति आन्दोलन***

मानव समाजको विकासलाई समाजशास्त्री र इतिहासकारहरूले तीन युग जंगली युग, बर्बर युग र सभ्य युगमा विभाजन गरेका छन् । मानव समाज विकास जंगली युग र बर्वर युगको मध्यसम्मको आदिम कालमा गोत्र (clan)का आधारमा विकास भएको देखिन्छ । गोत्र रक्त सम्बन्धको आधारमा बनेको मानव समुदाय हो । शुरुमा मातृसत्तात्मक समाजमा मातृ वंशको आधारमा गोत्रहरू बन्ने गर्दथे भने समाज पितृ सत्तामा गइसकेपछि गोत्र पितृ वंशका आधारमा बनेको देखिन्छ । एउटै गोत्रमा मानव समुदाय ठुलो भएपछि त्यसबाट छुट्टिएर अर्को गोत्र बन्ने गर्दथ्यो । एउटा गोत्रका मानिसहरू एउटै वंशका सन्तान वा समुदाय हुनाले त्यहाँभित्रका स्त्री र पुरुष बीचमा हाडनाताका कारणले बिवाहवारी हुँदैन । विवाह हुन स्त्री र पुरुषको छुट्टाछुट्टै गोत्र हुनु पर्दछ । एउटा गोत्रभित्र गोत्रको नेतृत्व, परिषद्, सामुहिक उत्पादन, सुरक्षा आदिको प्रबन्ध गरिएको हुन्थ्यो । गोत्रहरू मिलेर कविला (tribe) वा प्रजाति बन्दछ । कविलाका सामुहिक भूगोल र भाषा हुने गर्दछ । कविलाका नेता सबै गोत्रका परिषद्हरूका सदस्यहरूको सहमतीय वा त्यसरी हुन नसके बहुमतीय आधारमा चुनेर बनाउँदथे । कविलाका नेतृत्वलाई अर्कोले नेतृत्वको क्षमतामा चुनौती नदिदासम्म नेता नै हुन्थे र चुनौती दिएमा फेरि चुनेर आउनु पर्ने हुन्थ्यो अन्यथा अर्को नेतृत्वमा आउँदथे । कविलामा पनि परिषद् हुन्थे र यसले सबै गोत्रहरूको संयोजन, सुरक्षा, न्याय, उत्पादन तथा आवश्यक सामुहिक सहयोग गर्ने दायित्व बोकेको हुन्थे । कविलालाई गणजाति पनि भनिन्छ । बर्बर युगको झण्डै मध्य कालसम्म कविला वा प्रजातिका रूपमा मानव समाज रहेको देखिन्छ । बर्वर युगमा पशुपालन र खेतीपाती गर्न मानव समुदायले सिकेका थिए । यसले मानव समुदायमा निजी सम्पतिको विकास भयो । निजी सम्पतिको विकाससँगै मातृसत्तात्मक समाजको विघटन शुरु भयो र बर्वर युगको मध्य कालसम्ममा कविलाइ समाज पितृसत्तात्मक समाजको रूपमा विकास भयो । कविलाइ कालसम्मलाई आदिम साम्यवादी काल मान्न सकिन्छ ।

बर्बर युगको अन्तिम चरणमा फलाम पत्ता लागेपछि कृषिको ठुलो मात्रामा विकास, कालीगढ तथा घरेलु उद्योगको विकासले सामानको विनिमय र बजारको विकास भएको देखिन्छ । बढ्दै गएको उत्पादन र निजी सम्पति कविलाका संभ्रान्तहरूमा केन्द्रीत हुने र व्यापारी वर्गको विकासले मानिसहरू शहर बजारमा केन्द्रीत हुन थालेपछि विभिन्न कविलाहरू मिलेर जनजातिको रूपमा मानव समुदायको विकास भएको देखिन्छ । मानव समुदायको जनजाति स्तरसम्म विकास भइसक्दा यस मानव समुदाय साझा भूगोल, भाषिका, आर्थिक उत्पादन र संस्कृतिसँग सम्बन्धित हुन्छ । यसकै सेरोफेरोमा राज्यसत्ताको विकास भएको हो । विनिमयका लागि मुद्राको विकासले व्यापार र निजी सम्पतिको केन्द्रीकरणलाई सहज बनायो । यसले मानव समुदायको गोत्रको रूपमा रहेको अवस्था विघटन गऱ्यो । यसै कालमा श्रमका लागि दास प्रयोग गर्न थालियो र दास युग बर्वर युगको अन्तिम चरणमा शुरु भयो ।

बर्बर युगपछि सभ्य युग शुरु हुन्छ र आजसम्मलाई नै सभ्य युग मानिन्छ । सभ्य युगको शुरुवातसँगै उद्योग, कला र व्यापारमा प्रशस्त विकास भएको देखिन्छ र मानव सभ्यताको विकास पनि यहीँबाट शुरु हुन्छ । यसका लागि दासहरूले ठुलै रगत पसिना बगाउनु पऱ्यो । सामन्तवादी युगमा निजी सम्पतिका रूपमा दास नरहे तापनि दासबाट मुक्त भएका किसानहरूलाई भूदासका रूपमा प्रयोग गर्ने काम भयो । सामन्तवादी युगमा पनि उत्पादनको विकास, निजी सम्पतिको विकास, उद्योग, कलाको विकास, विज्ञान तथा प्रविधिको विकास भयो । सामन्तवादी युगको पछिल्लो चरणमा पूँजीवादको विकास हुन थालेको र पूँजीवादी युगमा प्रवेशसँगसँगै सयौं मजदुरहरू कारखानाको एउटै छाना मुनि रहेर मालहरू म्यानुफेक्चरद्वारा उत्पादन हुन थाले । विज्ञान र प्रविधिको विकासले सत्रौ शताब्दीमा वाफबाट संचालित ठुल्ठुला उद्योगहरू खोलिए । यसले शहर बजारहरूको विकास र विस्तार भयो । मानिसहरू शहर बजार केन्द्रीत हुन थाले । अव ठुला शहर, बजार तथा व्यापारको विकाससँगै मानिसहरूको नियमित र व्यापक संसर्गले साझा भूगोलका जनजातिका भाषिकाहरू भाषामा विकास भयो । उसको आर्थिक जीवन पद्धति, संस्कृति पनि उच्च प्रकारले विकास भयो । यस दौरानमा मानिसको आवत जावतमा भएको वृढिले एउटै जनजातिका मानिस मात्र नभएर अन्य जनजाति वा समुदायका मानिसहरू पनि घुलमिल भएर एउटा विकसित स्थिर मानव समुहकाको विकास भयो । पूँजीवादको विकाससँगै विकास भएको यस स्थिर मानव समुदाय, जसको साझा भूगोल, साझा भाषा, साझा आर्थिक जीवन पद्धति, साझा संस्कृति तथा साझा मनोविज्ञानसहित जनजातिबाट जाति अर्थात् राष्ट्रमा विकास भयो ।

अंग्रेजीमा कविला वा प्रजातिलाई तचष्दभ र राष्ट्र वा जातिलाई लबतष्यल भनिन्छ । एउटै कविलामा सानो साझा भूगोल, साझा भाषा भए पनि आर्थिक जीवन पद्धति र संस्कृतिको विकास निम्नस्तरको हुन्छ । तर कविलाभन्दा विकसित जनजातिमा ठुलो साझा भूगोल, साझा भाषा तथा भाषिका, साझा आर्थिक जीवन पद्धति तर कम विकसित तथा साझा संस्कृति र मनोविज्ञान हुन्छ । यसरी हेर्दा जनजाति कविलाभन्दा विकसित तर जाति वा राष्ट्रभन्दा कम विकसित मानव समुदाय हो । तर अंग्रेजीमा जनजातिको छुट्टै शब्द छैन । कसैले जनजातिलाई पनि तचष्दभ कै रूपमा परिभाषित गर्न खोज्छन् जुन गलत छ । अंग्रेजीमा जनजाति शब्द छैन । यसको पछाडिको कारण पश्चिम युरोपमा मानव समुदायको तीव्र विकास हुने क्रममा कविलाबाट जातिमा विकास भएको देखिन्छ । नेपाल जस्तो अल्प विकसित देशरुमा विकासको गति धिमा भएका कारणले कविलाभन्दा विकसित मानव समुदायलाई जनजातिको रूपमा लिएको छ । जनजाति आफै जाति वा राष्ट्रको रूपमा विकास भएको मानव समुदाय भने होइन । जनजातिको विकसित रूप राष्ट्र वा जाति भएकोले अंग्रेजीमा जनजातिलाई लबतष्यल प्रयोग गर्दा राम्रो हुन्छ किनभने जनजातिलाई कविलामा झार्ने होइन राष्ट्र वा जातिमा विकास गर्ने उद्देश्य हुनुपर्दछ ।

जाति अर्थात् राष्ट्र अन्तरगत हुने ठुला बजार र त्यहाँका साझा भाषाले व्यापार व्यवसाय सहज र अत्यधिक वृढि हुनाले पूँजीवादीहरू जातीय वा राष्ट्रिय राज्य बनाउन उन्मुख भए । यसले पूजीवादीहरूको सामन्तवादीहरूसँगको संघर्षमा सामन्तवादलाई परास्त गर्न महन्वपूर्ण भूमिका खेल्यो । यसै दौरानमा छरिएर वा विभिन्न देशमा बाँडिएर रहेको जाति (राष्ट्र) एकै ठाउँमा मिलेर जातीय (राष्ट्रिय) राज्यहरू बने भने एउटै देशमा फरक फरक जातिहरू रहेको अवस्थामा छुट्टिएर छुट्टाछुट्टै जातीय (राष्ट्रिय) राज्यहरू बने । पहिलो मिलेर बनेको राज्यमा जर्मनलाई उदाहरणको रूपमा लिइन्छ भने दोस्रो छुटेर बनेका राज्यहरूमा स्वीडेनबाट छुटेर बनेको बेल्जियम राज्यलाई उदाहरणको रूपमा लिइन्छ । यसैका आधारमा जाति (राष्ट्र)हरूलाई आत्मनिर्णयको अधिकार वा राजनीतिक रूपमा जाति (राष्ट्र)ले छुट्टिएर अर्कै जातीय (राष्ट्रिय) राज्य बनाउने अधिकार पूँजीवादको प्रथम चरणमा स्थापित भयो ।

राष्ट्रिय वा जातीय आन्दोलन पश्चिम युरोपका हकमा यो १७ र १८ औं शताब्दीको कुरा थियो भने रुस लगायतका पूर्वका हकमा १९ र २० औं शताब्दीको कुरा हो । २० औं शताब्दीदेखि नै पूँजीवाद साम्राज्यवादमा विकास भएपछि साम्राज्यवादले अल्पविकसित देशका सामन्तवाद र शासकहरूसँग मिलेर विगतमा सामन्तवाद ढाल्न मजदुर, किसान र जातिहरूसँग मिलेर खेल्ने प्रगतिशील भूमिकाको विपरित मजदुर, किसान र जातिहरूमाथि थप उत्पीडन गर्ने भूमिका खेल्न थाल्यो । त्यसैले आज २१ औं शताब्दीको साम्राज्यवादी युगमा विगतमा जस्तै जातीय (राष्ट्रिय) मुक्ति आन्दोलनका लागि सामन्तवादसँग मात्र लडेर पुग्दैन, साम्राज्यवादसँग पनि लड्नु पर्ने आवश्यकता भएको छ । जातीय आन्दोलनको कुरा गर्दा सामन्तवादी तथा दलालहरूको विरुद्धमात्र संघर्षको कुरा गर्ने साम्राज्यवाद र विस्तारवादको विरुद्धको संघर्षमा मौन साध्नु वास्तवमा उत्पीडित जातिमाथि धोखा दिनु हुनेछ । नेपालका सन्दर्भमा जातीय मुक्तिको कुरा गर्ने अधिकांशको हालत यस्तै छ ।

राष्ट्रिय (देशको) स्वाधीनता (national independence or independence of a country)

नेपालको राष्ट्रिय स्वाधीनताको कुरा गर्दा राष्ट्रिय शब्द देशको अर्थमा प्रयोग भएको छ । देश (राष्ट्र) स्वाधीन हुन नेपाल नेपालीहरूको आफ्नै अधीनमा हुनु पर्दछ, देशको भूगोल तथा सीमाना अक्षुण्ण हुनु पर्दछ र देशको आन्तरिक मामिलामा वैदेशिक हस्तक्षेपरहित तथा अरुबाट स्वतन्त्र हुनु पर्दछ भन्ने हो ।

तर पृथ्वी नारायण शाहको गोर्खा राज्य विस्तार वा अर्को भाषामा भन्दा नेपालको भूगोलको एकीकरणदेखि नै राष्ट्रियताको समस्या बल्झिँदै आएको छ । गोर्खा राज्य विस्तारलाई भूगोलको एकीकरण किन भन्न सकिन्छ भने नेपालको भूगोल काठमाडौँ उपत्यका मात्र होइन, यद्यपि मल्लकालको अन्तसम्ममा उपत्यकामा सीमित भएको जस्तो देखियो, किरातकालमा नेपालको भूगोलको बारेमा कुनै पनि सूचना वा प्रमाण प्राप्त छैन । तर लिच्छवी काल नरेन्द्रदेव कालमा चिनीयाँ यात्री हुयन साङ्गले आफ्नो यात्रा वृतान्तमा नेपालको भौगोलिक अवस्थिति, भौगोलिक अवस्था र भूगोलको नापका बारेमा लेखेको पाइन्छ । उक्त यात्रा विवरणमा नेपालको परिधि ४,००० ली अथवा झण्डै २,००० किमी हुन आउँछ । देशको आजको परिधि झण्डै २१५० किमी छ । यद्यपि परिधिले नै भूगोलको वास्तविक क्षेत्रफल दिँदैन तर परिधिले पनि वास्तविक क्षेत्रफलको नजिक पुग्न सकिन्छ । यसका साथै काठमाडौँ उपत्यकामा २० ली अर्थात् १० किमीका बाटाहरूको सर्किट छन् भन्ने कुरा उल्लेख गरिएको छ । लिच्छवी कालका विभिन्न शिलालेखहरूले पनि नेपाल उपत्यकामा सिमित छैन भन्ने तथ्य स्पस्ट नै छ । त्यसैले पृथ्वीनारायणको गोर्खा राज्य विस्तार राष्ट्रिय एकीकरण वा वास्तविक एकीकरण नभएर संयोगले भूगोलको एकीकरण भने हुन गएको छ ।

राज्य विस्तारकै क्रममा वृतिशइण्डियासँग भएको सीमा विवादले सन् १८१४ मा भएको वृतिशइण्डियासँगको युद्ध र यसमा नेपाल पराजित भएपछिको सन् १८१६ को सुगौली सन्धीपछि नेपालले आफ्नो एकतिहाइ भूगोलमात्र गुमाउनु परेन, बरु निरन्तर रूपमा थप आर्थिक, अप्रत्यक्ष रूपमा राजनीतिक र साँस्कृतिक रूपमा हस्तक्षेप हुँदै आएको छ । नेपाल तत्कालीन रूपमा वृतिश इण्डियाको र हाल भारतीय विस्तारवादको अर्धउपनिवेश तथा नवउपनिवेशको रूपमा कायम रहेको छ । यसले नेपालको राष्ट्रिय स्वाधीनतालाई गभीर रूपमा आघात पारेकै छ । त्यसमाथि वर्तमान अवस्थामा पनि यहाँका शासकहरूका राष्ट्रिय आत्मसमर्पण र दलाल चरित्रका कारण साम्राज्यवाद तथा विस्तारवादबाट राष्ट्रिय स्वाधीनतामाथि गंभीर खतरा भइरहेको छ ।

नेपालको राष्ट्रिय स्वाधीनता वा वाह्य राष्ट्रियताको कुरा गर्दा साम्राज्यवाद विषेशतः भारतीय विस्तारवादबाट लगातार रूपमा हुँदै आएको उत्पीडन प्रमुख रूपमा रहेको छ । भारतीय विस्तारवादले नेपालको भूगोलमाथिको *बाँकी ६ पेजमा*

# धर्म निरपेक्षता र संविधान



● सीताराम तामाङ ●

***विषय उठान***

क) फ्रान्समा राज्यक्रान्तिको सुरुवात राजा लुई चौधौंको पालामा भएर उनैलाई जनताले मारेपछि समाप्त भयो। त्यसबखत राजाका अगाडी अरु मान्छे भनेका पशु सरह नै थिए। राजाको अगाडी घुँडा टेकेर झुकेर राजाको मुख नहेरी कुरा गर्नु पर्दथ्यो। ती निरिह प्रजाको दैनिकी यस्तै थियो। तस्वीरमा राष्ट्रपति विद्यादेवी भण्डारी अघिल्तिर लम्पसार परेर टिका थाप्ने। लम्पसार परेकोमा आफुलाई सम्मान गरेको ठानेर मस्केर टिका लगाई दिएको देख्दा फ्रान्सको लुई चौधौंको शासनकाल बल्ल नेपालमा शुरु भएको जस्तो लाग्यो। लम्पसार पर्ने मान्छे पनि न्याय क्षेत्रका ठुलै पदमा पुगेको व्यक्ति जस्तो लाग्छ। गणतन्त्र आएपछिका नेपालका राष्ट्रपति, प्रधानमन्त्री, पूर्व प्रधानमन्त्री, पूर्व गृहमन्त्री समेतले आफुलाई ठुला-ठालु ठानेर जुन हैकम प्रदर्शन गरिरहेका छन्, यो दुर्भाग्य हो। यो भन्दा लाजमर्दो संसारमा अन्त कतै हुँदैन। (प्रेमसिंह बस्नेत, कान्तिपुर, पाठकमञ्च, कार्तिक ६, २०७५।

ख) पहिले, पहिले देशमा राजसंस्था हुँदा राजारानीले दशैंको अवसरमा सर्वसाधारणलाई टिका-जमरा लगाई दिने प्रचलन थियो। अहिले गणतन्त्रमा यो प्रचलनलाई हाम्रा राष्ट्रपति र प्रधानमन्त्रीले निरन्तरता दिएको दृष्य हेर्न पाइयो। यसरी पुराना शासकहरूको तरीका गणतन्त्रमा आइपुग्दा पनि हुबहु अपनाइरहँदा शासकको मनोवृत्तिमा परिवर्तन नआएको झझल्का यस्ले यस दिन्छ। धर्मलाई अफिम मान्ने राजनीतिक दर्शनका हिमायती अहिलेका कम्युनिस्ट प्रधानमन्त्रीका यो अभ्यास उदेकलाग्दो छ। - मनोज लम्साल, कान्तिपुर, पाठकमञ्च, कार्तिक ६, २०७५।

ग) पहिले राजा-महाराजाको दरवार नारायणहिटीमा मात्रै हुने यस्तो प्रचलन अचेल राष्ट्रपतिको निवास शीतलनिवासदेखि प्रधानमन्त्री निवास बालुवाटारमा मात्रै होइन, नेपाली सेनाको मुख्यालय भद्रकाली र जनपद प्रहरीको केन्द्रीय कार्यालय नक्सालसम्म फैलिएको छ। आगामी वर्षमा प्रत्येक सरकारी कार्यालय र तीनवटै जननिर्वाचित अंगसँग अन्य संरचनामा पनि यसको फैलावट भए अनौठो हुनेछैन। टिकाकरणको फैलावट हेर्दा 'बडा दशैं', त्यससँग जोडिएका हिन्दु मुल्य-मान्यता र सनातन धार्मिक परम्पराको विस्तृतीकरण भएको देखिन्छ। - राजेन्द्र महर्जन, नयाँ महाराजको 'टीकातंत्रं', कान्तिपुर, पाठकमञ्च, कार्तिक ६, २०७५।

घ) राजतन्त्रको अन्त्यपछि स्थापित गणतन्त्रमा पनि आफुलाई लोकतान्त्रिक र कम्युनिस्ट भन्ने दल र नेताहरूले शाहवंशीय राजतन्त्रद्वारा बढावा दिइएका धार्मिक-साँस्कृतिक परम्परा एवं अभ्यास जारी राखेर राजतन्त्रको 'आत्मा'लाई मर्न दिएको छैन। 'नेपाललाई असली हिन्दुस्तान' बनाउने क्रममा हिन्दु राजा-महाराजाले संविधानमै हिन्दु अधिराज्य भनी तोकेर लेख्ने र समाजलाई हिन्दुकरण गर्ने सिलसिलामा सुदृढ गरेको, टिका लगाउने र थाप्ने चलनलाई गणतंत्रका राष्ट्रपति र प्रधानमन्त्रीबाट व्यापकता दिईंदा राजतन्त्रको सीनो गन्हाएको अर्थमा आलोचना हुनु अनौठो होइन। -राजेन्द्र महर्जन, नयाँ महाराजको 'टीकातंत्रं', कान्तिपुर, पाठकमञ्च, कार्तिक ६, २०७५।

ङ) देशको राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरू र राज्यसत्ताका विविध अंगहरू धार्मिक उत्सवहरूमा हार्दिकतापुर्वक सरकारी स्तरवाट भाग लिन थालेपछि संविधानमा घोषित धर्मनिरपेक्षता खोक्रो हुन जान्छ। हाम्रो देशमा दशैंदेखि तिहारसम्म यो संवैधानिक त्रासदी हरेक वर्ष मञ्चित हुने गर्दछ। यस वर्ष त गज्जबै छ। कम्युनिस्ट पार्टी भनाउँदाहरूको दुईतिहाइको सरकारको दशैं जात्रा जारी छ। तत्कालीन एमाले पार्टीबाट प्रस्तावित राष्ट्रपति अझ अनिश्वरवादी माओवादी जनसेनाको चिफ कमाण्डरको इतिहास बोकेको उपराष्ट्रपति र प्रधानमन्त्रीदेखि मन्त्रीसम्मले बडो हार्दिकतापुर्वक र तामझामका साथ जसरी टीका थाप्ने र लगाउने गरेको दृष्य देखियो, त्यसले यो देश अझै पारम्परिक शासनको धार्मिक प्रवृत्तिको निरन्तरतामै रहेको प्रदर्शित गर्दछ। (यसबाट) संविधानमा धर्म निरपेक्षताको व्यवस्था एउटा औपचारिकता मात्र देखिन्छ। नेपालको संविधान-२०७२ ले धर्म निरपेक्षताको स्पस्टिकरणमा भनेको छ - 'धर्म निरपेक्ष' भन्नाले सनातन देखि चलि आएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक स्वतन्त्रता सम्झनु पर्दछ। तर ' सनातनदेखि चलि आएको धर्म संस्कृति' के हो भन्ने बारे कतै लेखिएको छैन। प्रवृत्तिको आधारमा भन्नुपर्दा यसको आशय राज्यले पारम्परिक रूपमा अभ्यास गर्दै आएको धार्मिक-सांस्कृतिक अभ्यासको निरन्तरता हो भन्ने बुझ्नु उचित देखिन्छ। - रोशन जनकपुरी, नयाँ पत्रिका, ५ कार्तिक ०७५।

च) जगजाहेरै छ कि पुनरुत्थानवादी तत्वहरू पहिलदेखि नै 'हिन्दु राजा र हिन्दु राष्ट्र' फर्काउने हर्कत गर्दै आएका छन्। ने.का.को नेतृत्वले पनि अब हुनलागेको महाअधिवेशनमा 'हिन्दु राज्य'को प्रस्ताव पारित गराउन लागेको कुरा बाहि आएको अवस्था छ। एमालेको आगामी महाधिवेशनले पनि 'हिन्दु राज्य' पारित गर्न सक्ने प्रस्ट नै छ। यी उदाहरणहरू यसकारण टिपिएका हुन कि आजका कम्युनिस्ट नामधारीहरू 'धार्मिक वामपन्थ' र ने.का. 'धार्मिक दक्षिणपन्थ'हरू हुन्, जो हिजोको कम्युनिस्ट र सिद्धान्त र कांग्रेस सिद्धान्तभन्दा उल्टो दिशामा हिंडेका छन्। कम्युनिस्टहरू भौतिकवादी हुनाले अनिश्वरवादी हुन्छन्। तसर्थ स्वभावतः कम्युनिस्टहरू धर्म निरपेक्षताको पक्षपाती हुन्छन्। दोश्रो विश्वयुद्ध पछिका बुर्जुवा राज्यहरूले पनि धर्म निरपेक्षतालाई अनिवार्य तत्वको रूपमा ग्रहण गरे। भारतका राष्ट्रपिता महात्मा गान्धीले जो व्यक्तिगत रूपमा हिन्दु थिए, लेखेका छन् - 'मेरो निम्ति व्यक्तिगत रूपमा धर्मबाट अलग रहने स्थितिको कल्पना गर्न पनि कठिन छ, तर जहाँसम्म राज्यको प्रश्न छ, धर्म र राजनीति दुई फरक विषयहरू हुन, एक अर्कामा मिसाएपछि अन्योल र अलग राख्दा जीवन सरल र सुन्दर हुन्छ।' त्यस्तै वि.पी कोइरालाले राणाशासनको पतनपछि नयाँ राज्यको निर्माण प्रसंगमा भनेका थिए- 'नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्नु धोका हुनेछ'। वि.पी कोइरालाको पार्टी नेपाली कांग्रेसले वैचारिक रूपमा उल्टो छलाङ्ग हानेको त धेरै भयो। अफसोच ! वैचारिक रूपमा आफुलाई अनिश्वरवादी र भौतिकवादी घोषणा गर्ने कम्युनिस्ट सरकारको धर्म प्रतिको आचरण र दृस्टिकोण वि.पी कोइराला भन्दा कैयौं गुणा पछाडी देखिन्छ। - रोशन जनकपुरी, नयाँ पत्रिका, ५ कार्तिक ०७५।

किन कथित कम्युनिस्टहरू र कथित प्रजातन्त्रवादीहरू अहिले 'धर्मनिरपेक्ष राज्य'को विरुद्ध पुनरुत्थानवादी तत्वहरूसँग कुम जोडेर 'टुप्पीदेखि पैतालासम्म' को ताकत लगाइरहेका छन् ? अन्तरिम संविधान (२०६३) ले नेपाललाई 'धर्मनिरपेक्ष राज्य र संघीय गणतन्त्र' को रूपमा स्वीकार गरेको थियो। किन नेपालको संविधान (२०७२)ले धर्म निरपेक्षलाई प्रास्टिकरण दिएर भ्रस्टिकरण (विकृतिकरण) गर्नु परेको रहेछ भन्ने कुरा माथिकै उदाहरणहरूबाट पनि प्रस्ट हुन्छ। अहिल त्यतिले मात्र नपुगेर 'धर्मनिरपेक्ष' भन्ने शव्द नै हटाउन लागेका छन, किन ? यसै विषयमा यहाँ छलफल गरिनेछ।

***२) के हो धर्म निरपेक्षता?***

अहिलेको नेपालको पश्चगामी संविधान (२०७२)ले नेपाली जनता बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषता भएको मानेको छ ( प्रस्तावना र भाग १, धारा ३)। यस प्रकारको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक चरित्रको नेपाल जस्तो देशमा कुनै एकल धर्मको वर्चस्व वा विशेषाधिकार न्यायपुर्ण हुन सक्दैन। राज्यको निम्ति सबै समुदाय समान हुन्छन, सबै समुदाय प्रति समानता र सम्मानजनक व्यवहार गर्न सक्नु न धर्म निरपेक्षता हो। धर्म निरपेक्ष राज्यले धर्मलाई हरेक नागरिकको निजी आस्था र विस्वासको विषय मान्दछ। साथै कसैको धर्म मान्ने वा नमान्ने अधिकारको पनि सम्मान गर्दछ, हस्तक्षेप गर्दैन। धर्मनिरपेक्षताको इतिहास के छ भने पहिले पहिले धर्मको आधारमा सञ्चालित हुन्थे। युरोपमा चर्च र राज्यको वीचमा 'शक्ति संघर्ष' लामो समय चल्यो। अन्ततः राज्य बलियो भयो र चर्चको अधिकार पुर्णतः कटौती भयो। विज्ञानले पनि धर्मको मन गढन्ते विचारलाई अस्वीकार गऱ्यो र धर्मका ठेकेदारहरूको अन्यायपुर्ण कृयाकलापलाई समाजले पचाउन छोड्यो। यसरी धर्म निरपेक्षताको सिद्धान्त बनेको हो। धर्मनिरपेक्ष राज्यको अर्थ धर्मले राजकिय मामिलामा हस्तक्षेप नगर्ने र राज्यले पनि धार्मिक विधि-विधानमा सम्पन्न गर्नमा बाधा नगर्ने भन्ने नै हो।

वास्तवमा धर्म निरपेक्षको सिद्धान्त सामन्तवाद विरुद्धको लडाईंमा पुंजीवादले अभ्यास गरेको सिद्धान्त हो। पुंजीवादी व्यवस्थामा अभ्यास भएको यो सिद्धान्तलाई सन १९१७ को रुसी अक्टोवर समाजवादी क्रान्तिपछि बनेका समाजवादी मुलुकहरूले विरासतको रूपमा अपनाएका हुन्। यसबाट के स्पस्ट हुन्छ भने सच्चा कम्युनिस्टहरू जसले गरेको भए पनि राम्रो कामको प्रगतिशील कार्यहरूको विरोध गदैनन्, बरु अपनाउन सक्छन्। तर नेपालमा कम्युनिस्टको खोल ओढेका र नेतृत्वमा पुगेका यथास्थितिवादी तथा ब्राम्हणवादीहरूले अन्ततः आफ्नो प्रतिगामी अनुहार देखाएका छन् भने प्रजातन्त्रको रामनाम ओढेका यथास्थितिवादी र पुनरुत्थानवादी तत्वहरूले 'धर्मनिरपेक्षता'लाई खेदो गर्नु त कुन अनौठो हो र !

***३) धर्म निरपेक्षताको बचाउ किन गरिनु पर्छ ?***

❑ राजा महेन्द्रले २०१९ सालको संविधानमा 'हिन्दु राजालाई हिन्दु राज्य' घोषणा गरेका थिए। राजतन्त्र हटेपछि पनि पश्चगामी तत्वहरू राजतन्त्रको पुनस्थापना र हिन्दु राज्यको सपना देख्दैछन्। भारतमा हिन्दु अतिवादीहरूको (बि.जे.पि) सरकार बनेको छ। यहाँका पश्चगामी तत्वहरूले भारतीय अतिवादीहरूको पुट पाएका छन्। नेपाली जनताले आन्दोलनबाट प्राप्त गरेको गणतन्त्रलाई विदेशी अतिवादको बुइ चढेर मास्ने नियतबाट धर्म निरपेक्षताको विरोध गर्दैछन्। नेपाली जनताले यस प्रकारको पश्चगामी विचार र विदेशी चलखेलको विरुद्ध दृढतापुर्वक संघर्ष गर्नु पर्दछ।

❑ त्यसरी नै यथास्थितिवादीहरूले धर्म निरपेक्षता हिन्दु धर्मको विरुद्ध ल्याइएको हो भन्ने आरोप लगाउने गरेका छन्। यिनै तत्वहरूले संविधानसभा २ को निर्वाचन मञ्चन गरी बनाएको संविधान २०७२ मा धर्म निरपेक्षताको स्पस्टिकरण दिएर हिन्दु राज्यको कानुन लागु गरेकाछन्। मुलुकको धार्मिक सद्भाव खलबल्याएर आफ्नो राजनीतिक अभिस्ट पुरा गर्ने यो गलत प्रवृत्ति हो। यसका विरुद्ध सचेत नागरिकले संघर्ष गर्नु पर्दछ।

❑ नेपालको पहिचान भनेको हिन्दुहरूको पहिचान हो, ८१ प्रतिशत जनता हिन्दु भएको मुलुक हिन्दु राज्य हुनु पर्दछ भन्ने तर्क गरेर बहु जातीय र बहु धार्मिक पहिचानलाई गुमराह गर्ने तत्वहरू पनि छन्। तर सत्य के हो भने

क) नेपालमा आदिवासी जनजाती ३८ प्रतिशत, पहाडी क्षेत्री-बाहुन २८ प्रतिशत, दलित (पहाड र तराई) १३ प्रतिशत, मधेसी १७ प्रतिशत र धार्मिक अल्पसंख्यक (मुस्लिम) ४ प्रतिशत छन्।

ख) नेपालमा जाति, भाषा र धर्मको जनगणना भएकै छैन। अहिलेको जनगणना टाउको गनाई मात्र हो। राजा महेन्द्रले हिन्दु राज्य बनाउन हिन्दु धर्म ८१ प्रतिशत र खसभाषालाई राज्यको भाषा बनाउन ५१ प्रतिशतको तथ्याङ्क निकालेका थिए। २०६८ को जनगणनामा पनि हिन्दु ८१ प्रतिशत नै कसरी सम्भव भयो ? नेपाल मै जनजाति महासंघले २०४७ घोषणा गरेको थियो कि नेपालका जनजातिहरू हिन्दु होइनन्। त्यो संस्थाले त्यसै बखतदेखि धर्म निरपेक्षताको वकालत गर्दै आएको पनि छ।

ग) ने.का.ले २०१२ को राष्ट्रिय सम्मेलनबाट नेपाल धर्मनिरपेक्ष राज्य हुनु पर्दछ भन्ने प्रस्ताव पारित गरेको थियो। २०४७ सालको संविधान निर्माणमा एमालेले धर्मनिरपेक्षता सहितको २७ बुँदे फरक मत राखेको थियो। एमाओवादीले धर्म निरपेक्ष र गणतन्त्र कै नारा दिएर संविधानसभा १ को निर्वाचन जितेको थियो। मधेशवादी दलहरूको घोषणा पत्रमाहरूमा धर्म निरपेक्षताकै पक्षमा वकालत गरिएका थिए। तिनीहरू नै अहिले प्रत्यक्ष वा परोक्ष धर्मनिरपेक्षताको विरोधमा उभिएका देखिन्छन्। तसर्थ हिन्दु राज्यले मात्र नेपालको पहिचान जोगिन्छ भन्नेका विरुद्ध सच्चा क्रान्तिकारी तथा न्याय प्रेमी जनताले संघर्ष गरेर नै बहुजाति, बहुभाषिक र विविध धर्म-संस्कृतिको रक्षा गर्न सकिन्छ।

घ) संविधानसभा १ मा वामपन्थीहरूको प्रतिनिधित्व ६२ प्रतिशत थियो र उनीहरू नै सरकारमा हुंदा कसरी २०६८ को जनगणनामा ८१ हिन्दु देखाइयो ? यसले के देखाउँछ भने ती बामको खोल ओढेका हिन्दुहरू हुन् कम्युनिस्ट होइनन्। यस प्रकारको नक्कली वामका विरुद्ध संघर्ष गरेर धर्म निरपेक्षताको रक्षा गरिनु पर्दछ।

ङ) नेपाल धर्म निरपेक्ष राज्य भएकोले क्रिश्चियन धर्म फैलिएको भन्ने आरोप लगाईंदैछ। नेपालमा क्रिश्चियन धर्मको लामो इतिहास रहेको छ। हिन्दु धर्मलाई सिरानी हालेर शासन गर्ने ब्राम्हणवादीहरूको राज्य हँदा नै त्यो धर्म फैलिएको थियो र अहिले त्यसमा थप भएको छ। क्रिश्चियनको मात्र नभएर हिन्दुहरूको पनि जनसंख्या बढेको छ। तलको तालिकाले सन २००१ को तुलनामा २०११ मा क्रिश्चियन र हिन्दु धर्मको जनसंख्या बढेको तर बौद्ध र किरांत धर्म मान्ने जनसंख्या घटेको देखाएको छ।

**तालिका १, धर्मको आधारमा जनसंख्या वितरण(प्रतिशत)**

| धर्म | २००१( प्रतिशत) | २०११(प्रतिशत) |
|---|---|---|
| हिन्दु | ७९.६ | ८१.६ |
| बौद्ध | १०.७ | ९.० |
| ईस्लाम | ४. २ | ४. ४ |
| किराँत | ३.६ | ३.१ |
| क्रिश्चियन | ०.५ | १.४ |
| अन्य | १.४ | ०.५ |
| जम्मा | १०० | १०० |

***४) धर्म निरपेक्षता किन उल्टाउन खोजिदैछ ?***

हामीले माथि नै भनिसकेका छौं नेपालमा कम्युनिस्ट र नेपाली कांग्रेस धर्म निरपेक्षताको पक्षमा थियो। मधेशवादी दलहरूले पनि धर्म निरपेक्षतालाई स्वीकारेका हुन् । विभिन्न धार्मिक, जातीय र सामाजिक संघ संगठनहरूले पनि धर्म निरपेक्षताको माग गरेका हुन्। उक्त कारणहरूले गर्दा नै स्थापित भएको धर्म निरपेक्षतालाई किन उल्टाउन खोजिदैछ ?

❑ ने.का.का अहिलेको नेतृत्व यथास्थितिवादी ब्राम्हणवादीहरूले गरेका छन्।

❑ एमाले र माओवादी केन्द्रको नेतृत्व पनि यथास्थितिवादी ब्राम्हणवादीहरूले गरेका छन्।

❑ नेकपा(नेकपा)को सरकारको प्रधानमन्त्री हिन्दु राज्यको पक्षमा र संघीयताको विरुद्ध कस्सिएर लागेकै थियो।

❑ अहिलेको नेकाले नेतृत्व गरेको गठवन्धन सरकारको प्रधानमन्त्री पनि हिन्दु राज्यको पक्षमा कस्सिएर लागेको छ।

❑ भारतको प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपालमा हिन्दु राज्य बनाउनु छ र यहाँको सरकारको नेतृत्व गर्नेहरूलाई मोदीको आशिर्वाद चाहिएको छ।

❑ धर्म निरपेक्षताको विरुद्ध भारतीय जनता पार्टीले नेपालको दार्चुला देखि झापासम्म २०० स्कूल सञ्चालन गरेको छ। पैसाको खोला बगाएको छ र केपी ओली, शेरबहादुर देउवा र कमल थापा जस्ता उनका राजनीतिक भरौटेहरू समेत तयार पारिएका छन्।

***५) कम्युनिस्ट र धर्म निरपेक्षता***

धर्मका ठेकेदारहरूले चेतनालाई (आत्मा, ईश्वर, आदि) आदि तत्व मान्दछन् र चेतनाले नै (ईश्वर) जगतको (पदार्थ) जन्म र सञ्चालन समेत गर्दछ भन्ने अपार्थिव विचार राख्दछन्। तर उक्त विचारको विपरित पदार्थलाई आदितत्व मान्ने, पदार्थबाट नै चेतनाको उत्पति भएको भन्ने, पदार्थ सास्वत छ, गतिशील छ र जगतमा त्यसबाहेक अन्य कुनै किसिमको अलौकिक वा पारलौकिक शक्तिको अस्तित्व छैन भन्ने दार्शनिकहरू भौतिकवादी हुन्। गतिशिल पदार्थ बाहेक अरु कुनै कुराको अस्तित्व नभएको यस जगतमा ईश्वरको कुनै स्थान नहुने भएकोले ईस्वर मान्ने धर्मसँग भौतिकवादको कुनै साइनो रहँदैन।

भौतिक जगतलाई गतिशिल, विकसित र नवीन रूपमा हेर्ने भौतिकवादी विश्व दृस्टिकोणलाई मार्क्स-एङ्गेल्सले सामाजिक जीवनको ऐतिहासिक विकासका नियमहरूको अध्ययन गर्ने सिद्धान्तको रूपमा लागु गरे, जसलाई ऐतिहासिक भौतिकवादको सिद्धान्त भनिन्छ। यो सिद्धान्त अनुसार 'सामाजिक स्थितिले सामाजिक चेतनाको निरूपण गर्दछ।' यस दृस्टिकोणबाट हेर्दा ईस्वर मान्ने धर्म वास्तविकताको विकृत र कपोलकल्पित प्रतिविम्व हो भन्ने प्रस्ट हुन्छ। तर शोषक वर्गीय दार्शनिकहरूले धर्म (ईश्वर) सर्वकालिका हुन्छ र धार्मिक भावना मानिसको प्राकृतिक गुण हो भन्ने सिद्ध गर्न खोज्छन्। वास्तविकतामा भने सामाजिक विकासको चरणमा मात्र धर्मको उत्पति भएको थियो।

❑ कम्युनिस्ट पार्टीले धर्मलाई कहिल्यै पनि सदस्यहरूको व्यक्तिगत मामिला मान्दैन। लेनिनले के लेखेका छन् भने हामी राज्यसितको सम्वन्धमा धर्म व्यक्तिगत मामिला हुनु पर्दछ भन्ने माग गर्दछौं तर हामी आफ्नो पार्टीसितको सम्वन्धमा धर्मलाई कुनै हालतमा पनि व्यक्तिगत मामिला भन्न सक्तैनौ। धार्मिक उत्पीडन लगायत हर प्रकारको बोद्धिक उत्पीडन विरुद्ध कठोर संघर्ष गर्ने पार्टीले कम्युनिस्टहरूलाई स्थायी रूपमा आव्हान गर्दछ। यसको साथै पार्टीले धर्मको विरुद्ध संघर्षलाई समाजवाद र साम्यवादको लागि सर्वहारावर्गको वर्गीय संघर्षको आम लक्ष्यहरूसित सम्बन्धित तुल्याउंदछ। धर्मको वर्गीय आधार अर्थात शोषण तथा जनसाधारणहरूको सामाजिक उत्पीडनमा अडेको पुँजीवादी समाजलाई नै निर्मुल पार्नु धर्मको उन्मुलनको निम्नतम मुख्य शर्त हो भन्ने कम्युनिस्ट पार्टीले मान्दछ। -(समाजवाद र धर्म, खण्ड-१०,१९०५,पृ ७७)

❑ यस प्रकारको मार्क्सवादी-लेनिनवादी पार्टीहरू कति छन नेपालमा ? यस विषयमा कुनै विश्लेषणको जरुरी छैन, केवल ८१ प्रतिशत हिन्दुको तथ्याङ्क हेरे पुग्छ, सही कम्युनिस्ट कति छन्, हिन्दु कम्युनिस्ट कति छन्।

***६) धर्म निरपेक्षता र व्यवहार***

नेपालको अन्तरिम संविधान (२०६३) को धारा ४१ ले नेपाललाई धर्म निरपेक्ष राज्य मानेको थियो। धर्म निरपेक्ष राज्य भएको नौ वर्षसम्म पनि हिन्दु राज्यको पञ्चायती ऐन कानुनलाई संशोधन गरिएन, तसर्थ आवरणमा धर्म निरपेक्ष भनिए पनि यथार्थमा मुलुक धर्म निरपेक्ष थिएन। अहिलेको संविधान (२०७२)मा त्यही आवरणलाई पनि हटाउन कोसिस भएको छ। धार्मिक स्वतन्त्रताको नाममा हिन्दु राज्यको कानुन लागु गर्ने षडयन्त्र भइरहेको छ। हामीले के बुझ्नु पर्दछ भने व्यक्तिलाई धार्मिक स्वतन्त्रता हुन्छ तर राज्य धर्म निरपेक्ष हुनु पर्दछ। अन्यथा गरिने कुरालाई मान्नु गलत हुनेछ। तसर्थ

क) धर्म निरपेक्ष राज्यको पक्षमा दृढ संघर्ष आवश्यक छ।

ख) गाई राष्ट्रिय जनावर हुन सक्दैन।

ग) धर्म निरपेक्षताकै आधारमा नेपालको ऐन कानुनहरू निर्माण गरिनु पर्दछ।

घ) राज्यकोषबाट गुठी, मठ मन्दिर चलाइनु हुन्न।

***७) विट मारनी***

नेपाली जनताको अथक संघर्ष, त्याग र वलिदानको फल हो वर्तमान गणतान्त्रिक राज्य - नेपाल। यो राज्यलाई पहिचान सहितको संघीय जन गणतन्त्र बनाउने कार्यभार बाँकी नै छ तापनि प्राप्त उपलव्धीहरू मध्ये धर्म निरपेक्षता (यद्यपि प्रस्टिकरण दिएर विकृत गरिएको छ) पनि एउटा हो। २००७ सालदेखि २०६३ सालसम्मकै राजनीतिक आन्दोलनहरूमा धर्म निरपेक्षताको माग उठ्दै आएको हो। धर्म निरपेक्ष राज्य भनेको राज्यले कुनै एकल धर्मको पक्ष नलिनु अर्थात् धर्मका विषयमा निरपेक्ष/तटस्थ रहनु हो। धर्म निरपेक्षको सिद्धान्त भनेको राज्यबाट सबै धर्मप्रति समानता र सम्मानजनक व्यवहार गरिनु हो। अहिले केपी ओली र शेर बहादुर देउवा प्रवृत्ति भनेको हिन्दु धर्मलाई काखी च्यापेर अन्य धर्ममाथि विभेदकारी नीति लागु गर्ने हो। यो पश्चगामी प्रवृत्ति हो। यसले मुलुक धार्मिक (गृहयुद्धतर्फ धकेलिन सक्छ। यो प्रवृत्तिको खण्डन गरिनु पर्दछ। धर्म निरपेक्षको विकल्पमा सनातनी धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक स्वतन्त्रता वा अन्य शव्दावली प्रयोग गरेर एकल धर्मलाई राज्यले विशेषाधिकार दिने कुरो धर्म निरपेक्षताको विरोधी विचार हो। यस्तो विचारको खण्डन गरिनु पर्दछ। धर्म निरपेक्ष राज्यको विकल्प होइन, बरु त्यसको रक्षाको निम्ति क्रान्तिकारी देशभक्त, लोकतान्त्रिक र धार्मिक सद्भाव पक्षधरहरूले दृढतापुर्वक लाग्नु नै अहिलेको आवश्यकता हो। कम्युनिस्टको सामान्य नैतिकता हुनेले यो विषयमा खेलाँची गर्नु हुँदैन। सबैलाई चेतना भया।

२०७८।०७।०२

*साभार : ह्याउँ निभा: वर्ष १६ पूर्णाङ्कं ४ कार्तिक २०७८*

# राष्ट्रिय सभाको निर्वाचन : १९ मध्ये १८ सिटमा सत्ता गठबन्धन विजयी




काठमाडौं । गत बुधबार सम्पन्न राष्ट्रिय सभाको निर्वाचनमा पाँचदलीय सत्तागठबन्धनका १८ उम्मेदवार विजयी भएका छन् । आगामी २० फागुनमा समयावधि सकिन लागेका सिटका लागि भएको निर्वाचनमा प्रमुख प्रतिपक्षी एमालेका एकजना विजयी भएका हुन् । प्रदेश १ मा एक सिट जितेर एमाले 'क्लिनस्विप' हुनबाट बचेको छ ।

निर्वाचन आयोगका अनुसार सातै प्रदेशका गरी १९ रिक्त पदमा नौ राजनीतिक दलका ४३ जना उम्मेदवार प्रतिस्पर्धामा थिए । निर्वाचनबाट सात महिला, तीन दलित, दुई अपांगता भएका व्यक्ति वा अल्पसंख्यक र सात अन्य समूहका उम्मेदवार निर्वाचित भएका छन् । सदस्यको पदावधि समाप्त हुनु ३५ दिनअघि नै निर्वाचन गर्नुपर्ने प्रावधानअनुसार निर्वाचन भएको हो ।

निर्वाचनका लागि प्रदेश सभा सदस्य तथा पालिका प्रमुख र उपप्रमुख गरी दुई हजार २५ मतदाता छन् । स्थानीय तहका एक हजार चार सय ९३ र प्रदेश सभाका पाँच सय ३२ मतदाता थिए । तर, १८ जना मतदाता अनुपस्थित रहे । प्रदेश सभा सदस्यको मतभार ४८ र पालिका प्रमुख र उपप्रमुखको मतभार १८ हुन्छ ।

पाँचदलीय सत्तागठबन्धनमा रहेका कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले सिट बाँडेर संयुक्त उम्मेदवारी दिएका थिए । निर्वाचनमा एमाले, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार पनि थिए । मधेस प्रदेशमा एमाले र लोसपाबीच तालमेल भएको थियो ।

# शहीद दिवस मनाइयो




काठमाडौं । प्रजातन्त्र स्थापना एवं पुनःस्थापना तथा विभिन्न कालखण्डमा स्वतन्त्रताका लागि जीवन आहुति दिनेहरूको सम्झनामा हिजो शहीद दिवस मनाइयो ।

वि.सं २०१२ देखि नै तत्कालीन काठमाडौं नगरपालिकाको संयोजकत्वमा प्रत्येक वर्ष माघ १६ गते शहीदको सम्झनामा दिवस मनाउन थालिएको हो । महानगरपालिकाले माघ १० देखि १६ गतेसम्म साताव्यापी कार्यक्रम गरी शहीद सप्ताह मनाउने गर्दछ ।

स्वतन्त्रताको माग गर्दा विसं १९९७ मा शहीद शुक्रराज शास्त्रीलाई माघ १० गते काठमाडौंको टेकुस्थित पचलीमा झुण्ड्याएर, माघ १३ गते धर्मभक्त माथेमालाई सिफलमा झुण्ड्याएर र गंगालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभाभगवतीमा गोली हानी राणा शासकले मृत्युदण्ड दिएका थिए ।

माघ १६ गते आइतबार शहीद दिवसका अवसरमा बिहान शान्तिवाटिका रत्नपार्कदेखि शहीद स्मारक लैनचौरसम्म प्रभातफेरी कार्यक्रम आयोजना गरी मनाइएको हो ।

प्रधानमन्त्री, मन्त्री, सरकारका उच्चपदस्थ अधिकारी, जनप्रतिनिधि, सुरक्षा निकायको ब्याण्ड टोली र मार्चपास टोलीसहितको प्रभातफेरी शहीद स्मारक लैनचौर पुगी ज्ञातअज्ञात शहीदप्रति श्रद्धाञ्जली अर्पण गर्ने कार्यक्रम गरेको थियो ।

कोरोनाको तेस्रो भेरियन्ट सक्रिय रहेकाले सरकारले जारी गरेको स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरेर कार्यक्रम गर्ने तयारी काठमाडौं महानगरपालिकाले गरेको छ ।

यसैगरी लखन थापादेखि पछिल्ला स्वतन्त्रताका आन्दोलनमा शहादत प्राप्त गर्ने शहीदको सम्झनामा मन्त्रिपरिषद्को विसं २०६४ जेठ ११ गतेको निर्णय अनुसार उपत्यकाको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वरमा निर्माण भइरहेको राष्ट्रिय शहीद स्मारकमा पनि कार्यक्रमको तयारी भइरहेको छ ।

वन तथा वातावरण मन्त्री रामसहाय यादवको प्रमुख आतिथ्यतामा कार्यक्रम गरिने यज्ञडोल (जगडोल) सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सुदर्शन सिग्देलले जानकारी दिए ।

विसं २०६३ अघि शहीद दिवसका दिन राज्यका तर्फबाट शहीदगेटमा विशेष कार्यक्रम गरी दिवस मनाइन्थ्यो । त्यसपछि भने लैनचौरस्थित शहीद स्मारकमा विशेष कार्यक्रम हुन थालेको छ । शहीदगेटमा पनि विभिन्न संघसंस्थाले कार्यक्रम गरी दिवस मनाउने गरेका छन् ।

पछिल्लो समय नारायणहिटी दरबार संग्रहालय परिसरमा निर्माण भएको गणतन्त्र स्मारकमा शहीदप्रति श्रद्धाञ्जली गर्ने स्थल राखिने घोषणा गरिएको छ । त्यो समेत सञ्चालनमा आउन सकेको छैन ।

## मार्क्सवादी...

नसाको समस्याले पीडित भई उपचार गराइरहनु भएको कुरा छोरा मित्रलाल पंज्ञानीले जानकारी गराउनु भएको हो ।

उहाँको निधनमा अखिल नेपाल जनसांस्कृतिक महासङ्घ तथा इच्छुक सांस्कृतिक प्रतिष्ठानका तर्फबाट छुट्टाछुट्टै वक्तव्य जारी गरेर मृतक आमाप्रति श्रद्धाञ्जली व्यक्त गरिएको छ । मृतक आमाका जेष्ठ सुपुत्र मित्रलालसहित छ जना छोरा र पाँच जना छोरी रहेको वक्तव्यमा जनाइएको छ । यस मुलबाटो अनलाइनका स्तम्भकार समेत रहनु भएका कविवर मित्रलाल पंज्ञानीको आमाको निधनप्रति मुलबाटो परिवार भावपूणर् श्रद्धाञ्जली व्यक्त गर्दै शोकको यस दुःखद घडिमा पंज्ञानी परिवारमा गहिरो समवेदना प्रकट गर्दछ ।

## राष्ट्रिय...

जनसंख्या भएको मनाङ जिल्लाको नार्फाभूमि गाउँपालिकामा ४४२ जना रहेका छन् । १० हजार भन्दा कम जनसंख्या हुने गाउँपालिकाको संख्या ४६ रहेका छन् भने ५० हजार भन्दा बढी जनसख्या हुने गाउँपालिकाको संख्या १५ वटा रहेका छन् । शहरी क्षेत्र वा नगरपालिकाहरूमध्ये सबैभन्दा धेरै जनसंख्या भएका ५ नगरपालिकाहरूमा क्रमशः काठमाडौं, पोखरा, भरतपुर, ललितपुर र विरगञ्ज महानगरपालिका रहेका छन् । यस्तै सबैभन्दा कम जनसंख्या भएका ५ नगरपालिकाहरूमा डोल्पाको ठूलीभेरी र त्रिपुरासुन्दरी, संखुवासभा जिल्लाको मादी, तेह्रथुम जिल्लाको लालीगुराँस र दोलखा जिल्लाको जिरी नगरपालिका रहेका छन् ।

यस्तै सबैभन्दा धेरै जनसख्या भएको काठमाडौं महानगरपालिकामा ८ लाख ६५ हजार ९०६ र सबैभन्दा कम जनसंख्या भएको ठूलीभेरी नगरपालिकामा १० हजार १८७ जनसंख्या रहेका छन् । २० हजार भन्दा कम जनसंख्या हुने नगरपालिकाको संख्या १४ रहेका छन् भने १ लाख भन्दा बढी जनसख्या हुने नगरपालिकाको संख्या ३९ वटा रहेका छन् ।

यस्तै विभागले देशका ५ जिल्लाहरू भक्तपुर, रूपन्देही, चितवन, बाँके र सुनसरीको जनसंख्या वृद्धिदर सर्वाधिक रहेको जनाएको छ । यस्तै रामेछाप, खोटाङ, मनाङ, भोजपुर र तेह्रथुमको वार्षिक जनसंख्या वृद्धिदर ऋणात्मक देखिएको छ ।

## नेपालका...

समेत बुझाएका छन् ।

निर्माणाधीन सडकमा प्रत्येक दुई सयदेखि पाँचसय मिटरको दूरीमा पानीको निकासका लागि ठूला कल्भर्ट वा ह्युमपाइप नराख्ने हो भने वर्षयाममा चारै गाउँपालिकाको दक्षिणी क्षेत्रको वस्ती डुवानमा पर्ने बताइएको छ ।

विगतको इण्डियन व्यवहार हेर्दा उच्च राजनीतिक तहबाट प्रभावकारी पहल नगर्ने हो भने इण्डियन पक्षले पानीको निकासका लागि कल्भर्ट वा ह्युमपाइप राख्ने वा पुल बनाउने स्थिति नरहेको पाण्डे बताउँछन् ।

पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले पनि इण्डियन पक्षले बनाइरहेको सडकका कारण नेपाली भूभाग डुबानमा पर्ने अवस्था देखिएको स्वीकार गरेका छन् । सीमा क्षेत्रमा इण्डियन सडकले हुने डुबान समस्या एउटा जिल्लाको मात्र नभएको र समग्र तराईका जिल्लाको साझा समस्या भएकाले संघीय सरकारले भारत सरकारसंग कुटनीतिक पहल गरेर समाधान गर्नुपर्ने प्रजिअ मिश्रको भनाइ छ ।

इण्डियन पक्षले सुस्तामा १४ हजार हेक्टर जमिन अतिक्रमण गरेको सुस्ता बचाउ अभियानका अध्यक्ष गोपाल गुरुङले बताउँदै आएका छन् ।

## मोहनविक्रम...

'हामीले २०५१ सालमा यो संसदीय व्यवस्था मूलरूपमा प्रतिक्रियावादी व्यवस्था हो । यो व्यवस्थाबाट नेपाली जनताको मुक्तिसम्भव छैन । हामीले यो व्यवस्थालाई सडक र सदन दुबै ठाउँबाट नालायक सावित गर्न, भण्डाफोर गर्नभनि संसदीय व्यवस्थालाई कार्यनीतिक रूपमा उपयोग गरेका थियौं । तर नेकपा (मसाल) नेतृत्वले पार्टीको उद्देश्य अनुरूप काम नगरी संसदीय व्यवस्थामा यसरी फस्यो कि उ त्यहाँबाट उम्कनै नसक्ने, संसदीय व्यवस्था बिना उभिनै नसक्ने भएपछि पार्टीको क्रान्तिकारी लाईनको रक्षा र सुदृढीकरणको लागि हामीले आकस्मिक र बाध्यात्मक रूपमा आज यो विशेष राष्ट्रिय भेला गरी केन्द्रीय समन्वय समिति गठन गर्नु परेको छ ।'

भेलामा नेकपा (मसाल) केन्द्रीय समन्वय समितिका संयोजक सन्तबहादुर नेपाली प्रमुख अतिथि रहेका थिए भने अन्य अतिथिहरूमा अखिल भारत नेपाली एकता समाजका अध्यक्ष देबबहादुर लामिछाने, अन्तराट्रिय नेपाली एकता समाजका महासचिव विदुर शर्मा, महिला संगठनको तर्फबाट मनु बिक रहेका थिए । विभाजित भयो मोहनविक्रम सिंहको मसाल र चित्रबहादुर केसीको राष्ट्रिय जनमोर्चा, राजमोका पूर्व केन्द्रीय सदस्य गौरीलाल कार्किले स्वागत मन्तव्य दिएका थए भने रक्तिम परिवारका कालाकारहरूले संगीतबाट स्वागत गरेका थिए ।

प्रमुख अतिथि सन्तबहादुर नेपालीले भेला उद्घाटनगरी भेला सफलताको शुभकामना दिने क्रममा भनेका थिए 'इतिहासमा हामीले कहिलै नसोचेको कुरा पनि भोग्नु पर्ने र गर्नु पर्ने रहेछ । हामीले सोचेका थियौं कि हाम्रो पार्टीले इतिहासको कालखण्डमा एउटा क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्ने छ र सारा शोषित पिडित गर्वको मुक्तिको लागि अग्रणि भूमिका खेल्ने छ तर हाम्रो पार्टीको नेतृत्वले दक्षिणपन्थी दिशा समात्यो र त्यसले नेपाली जनताको मुक्ति आन्दोनमा गद्दारी गर्न पुग्यो । त्यसकारण हामीले त्यो हाम्रो पार्टीको गौरवमय क्रान्तिकारी विरासतलाई निरन्तर अगाडि बढाउनको लागि, त्यो महान उद्देश्यलाई पुरा गर्नको लागि हामीले यो कदम चाल्न बाध्य भएका छौं ।'

भेलाद्वारा निर्वाचित कार्य समितिको नामावलि क्रमशः कृष्णराज पौडेल अध्यक्ष नवलपरासी, उपाध्यक्ष चिन्तामणी पौडेल काठमान्डौं, उपाध्यक्ष सुर्य थापा काडमान्डौं, सुरेन्द्र भण्डारी उपाध्यक्ष मोरङ्ग, लालबहादुर जाग्री महासचिव डडेल्दुरा, गौरीलाल कार्की सचिव जुम्ला, ओमबहादुर के.सी. कोषाध्यक्ष दाङ्ग, बालाकृष्ण सुबेदी सदस्य सुनसरी, नरबहादुर थापा सदस्य रूपन्देही, मनिराम सापकोटा सदस्य रूपन्देही, लक्ष्मी न्यौपाने सदस्य रूपन्देही, उद्धव ऐर सदस्य डडेल्धुरा, धनबहादुर बोहोरा सदस्य डडेल्धुरा, कर्ण थापा सदस्य बारा, दिपक चौधरी सदस्य बारा, रामबाबु शाहा सदस्य बारा, मोमिना खातुन सदस्य बाँके, गुणनीधि आचार्य सदस्य बाँके, नारायण सापकोटा सदस्य बाग्लुङ्ग, श्रीप्रसाद थापा सदस्य बाग्लुङ्ग, रेशम गिरी सदस्य बाग्लुङ्ग, बिरेन्द्र थापा सदस्य बाग्लुङ्ग, रामबहादुर जिएम सदस्य दाङ्ग, गोपाल नेपाली सदस्य दाङ्ग, शशिराम बुढाथोकि सदस्य दाङ्ग, राजेन्द्र नेपाली सदस्य अर्धाखाँची, राधा खतिवडा सदस्य मोरङ्ग, रामहरी धिताल सदस्य मकवानपुर, राजिमसुर राई सदस्य भोजपूर, शन्तोस राई सदस्य झापा, लेखनाथ शर्मा सदस्य नवलपूर, धनपति ज्ञवाली सदस्य नवलपुर, खगेश्वर शर्मा सदस्य पर्शा, तपशी चौधरी सदस्य पर्शा, मनु बिक सदस्य प्युठान, जितामित्र सुनुवार सदस्य प्युठान, बिरबहादुर पुन सदस्य प्युठान, तारा पौडेल सदस्य चितवन, लक्ष्मी रिजाल सदस्य कैलाली, शुसिल शाही सदस्य कालिकोट, बिक्रम थापा सदस्य कास्की, नरेश झुकाल सदस्य कञ्चनपुर, धरमदेवपन्त सदस्य कन्चनपुर, हिमलाल वाग्ले सदस्य कपिलवस्तु, शोभादेवी सापकोटा सदस्य नवलपूर, कमल खड्का सदस्य कपिलवस्तु रहेको छ । केही रिक्त स्थान पछि पुर्तिगर्ने सो समितिले जनाएको छ । कार्यक्रमको अध्यक्षता कृष्णराज पौडेलले गरेका थिए भने सञ्चालन लालबहादुर जाग्रीले गरेका थिए ।

## नेपालतिर...

निर्माण गरेको ठाउँभन्दा ७ देखि १० मिटरसम्म भित्र नदी क्षेत्रमा तटबन्ध निर्माण कार्य संचालन गरिरहँदा नदीको प्रवाहमा असर पर्ने र भविष्यमा ठुलो जनधनको क्षति हुने सम्भावना रहेको जिल्लाबासीले गुनासो गरेका छन् । सिमा नदीमा तटबन्ध निर्माण गर्दा निश्चित अन्तराष्ट्रिय मान्यताहरू पालना गर्नुपर्नेमा सो नगरि एकतर्फी रूपमा तटबन्ध निर्माण कार्य संचालन भइरहेकोले अहिलेको अवस्थामा उक्त कार्य रोक्न पहल गर्न पनि सरकारलाई दार्चुलाबासीहरूले सरकारलाई आग्रह गरेका छन् ।

इण्डियाले सीमावर्ती क्षेत्रमा निर्माण गरिएका अनधिकृत संरचना हटाउन र त्यस्ता संरचना बनाउनै नदिन सरकारबाट बलियो कुटनीतिक पहल नहुँदा इण्डियाले दार्चुला लगायत सीमा क्षेत्रमा पटक पटक बलमिच्याई गर्दै आइरहेको छ । इण्डियाले दार्चुलाको सदरमुकाम खलंगापारि महाकाली नदीको प्राकृतिक बहाव रोक्न अहिले सवा अर्ब रूपैयाँ लागतमा १ किमि लम्बाइ र ९ मिटर उचाइको पक्की तटबन्ध बनाउन सुरु गरेको छ ।

इण्डियन उत्तराखण्ड सिंचाइ विभागको लगानीमा नेपाल इण्डिया जोड्ने झोलुङ्गे पुलदेखि जहरलालसिंह नवियाल स्टेडियम नजिकै घट्टेखोलासम्म तटबन्ध बनाउन अहिले डोजर प्रयोग गरिएको छ । डोजरले अहिले तटबन्ध बनाउने क्षेत्रमा ढुङ्गा गिट्टी संकलन, बालुवा निकाल्ने तथा आफ्नो क्षेत्रको तडबन्ध बनाउन जग बनाउने काम गरिरहेको छ ।

८० करोड भारुमा तटबन्ध निर्माण सक्ने गरी इण्डियन अरुण कन्स्ट्रक्सन कम्पनीले यो क्षेत्रमा काम सुरु गरेको छ । इण्डियाले एकतर्फी रूपमा बनाइरहेको तटबन्धका कारण वर्षायाममा नदीको बहाव नेपालतर्फ फर्केर ठूलो क्षति पुग्न सक्ने भन्दै स्थानीयले आपत्ति जनाएका छन् ।

अन्तर्राष्ट्रिय सीमा सन्धिले एकअर्कालाई प्रतिकूल असर पर्ने र नदी तथा खोलाको प्राकृतिक धार परिवर्तन हुने गरी कुनै पनि देशले संरचना बनाउन नपाइने उल्लेख छ । संरचना बनाउनै पर्ने अवस्थामा दुवै देशको सहमति आवश्यक पर्छ । यसअघि नेपाल सरकारले तटबन्ध निर्माणको क्रममा इण्डियन पक्षको समेत सहमति लिएर पक्की तटबन्ध बनाएको हो ।

इण्डियाको समेत सहमति लिएर पक्की तटबन्ध बनाउँदा समेत इण्डियाले पटकपटक तटबन्ध बनाउन अवरोध पुर्याएको थियो । उसले तटबन्ध निर्माणको क्रममा माइकिङ गर्दै तटबन्ध नबाउन तथा ढुंगामुढासमेत नेपालीमाथि गरेको हो । तर अहिले इण्डियाले दार्चुला सदरमुकाम खलंगाबाट केही सय मिटर मात्रै पारि धार्चुलाबाट महाकाली नदीको धार नेपालतर्फ फर्काउन पक्की तटबन्ध बनाइरहेको छ ।

दार्चुलाका प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले महाकाली नदीको प्राकृतिक धारलाई असर पुग्ने गरी इण्डियाले समन्वयबीना तटबन्ध बनाएको विषयमा गत शुक्रबार जिल्ला सुरक्षा समिति बैठकबाट निर्णय गराएर गृह मन्त्रालयमा जानकारी पठाएको बताए । तर यस विषयमा गृहमन्त्रालय तथा देउवा सरकारले कुनै प्रतिक्रिया दिएको छैन ।

यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !
www.moolbato.com
www.daunnenews.com
www.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृस्टि साप्ताहिक
दाउन्ने साप्ताहिक
स्थानीयपत्र साप्ताहिक
छापामार साप्ताहिक
नयाँ कोशी मासिक
दायित्वबोध त्रैमासिक

# एम.सि.सि.खारेजी किन ?

*एमसिसिको दफा ३.२ मा सम्झौताको कार्यन्वयन र व्यवस्थापनका लागि नेपाल सरकारले एमसिए(नेपाल नामको स्वतन्त्र स्वायत्त निकाय गठन गर्ने व्यवस्था गरिएको छ । सोहि अनुरूप कार्यक्रम कार्यन्वयन सम्बन्धी सम्झौताको बुँदा नं.१.३ (क)(आ) मा पनि सरकारले एमसीए(नेपाललाई सम्झौता अवधिभर विधिवत रूपमा व्यवस्थित, पर्याप्त कर्मचारी तथा तोकिएका अधिकार र जिम्मेवारीहरू प्रयोग गर्न दिने सुनिश्चित गरिएको छ । तर बुँदा नं.१.३ (ख) (अ) मा शक्ति र अधिकार शिर्षकमा एमसीए(नेपालसँग नेपाल सरकारलाई तोकिएका अधिकार र जिम्मेवारीहरूबाट पूर्ण हदसम्म बाँध्न पाउने प्रावधान राखिएको छ । यो एक लज्जाजनक प्रावधान हो जसले एक सार्वभौम सत्ता सम्पन्न मुलुक र जो सँग यो सम्झौता मान्दिन भन्ने अधिकार छ, उसलाई एउटा एजेन्सीले बाँध्ने (Bind गर्ने) अधिकार रहने प्रावधान छ*



● सुरेश श्रेष्ठ ●

नेपाली जनताले विगत लामो समयदेखि राष्ट्रिय स्वाधीनताको रक्षार्थ आन्दोलन गर्दै आएका छन् । हालका बर्षहरूमा नेपालमा अमेरिकी साम्राज्यवादको महत्वकाँक्षी परियोजना सहस्राब्दी चुनौति परियोजना सम्झौता (Millennnium Challenge Corporation Compact) को बारेमा सशक्त विरोध हुदै आएको छ। देशको जनसंख्याको ९० प्रतिशत जनताको विरोध हुँदा हुदै पनि प्रतिक्रियावादी सरकार र प्रतिनिधि सभाका प्रमुख दलहरू यसलाई कार्यन्वयन गर्ने षडयन्त्रमा तल्लिन भएको देखिन्छ । प्रतिक्रियावादी र संसदवादीहरूको यस खाले षडयन्त्रका विरुद्ध सशक्त आन्दोलनको उठान गर्नु अपरिहार्य भएको छ। अमेरिकी साम्राज्यवाद एम.सि.सि. परियोजनालाई साधन बनाई आर्थिक, राजनीतिक र सामरिक कोणबाट विश्व व्यवस्थामा आफ्नो प्रभुत्व कायम गर्न खाज्दैछ । नेपालमा पनि मूलतः फौजी रणनैतिक उद्देश्यसहित बहुआयामिक अभिस्ट हासिल गर्न अमेरिकी साम्राज्यवादले एम.सी.सी. सम्झौता कार्यन्वयन गर्न दवाव दिइरहेको छ। त्यसैले राष्ट्रिय स्वाधीनता रक्षाका खातिर यसको सशक्त भण्डाफोर र प्रभावकारी आन्दोलनद्वारा यस सम्झौतालाई खारेज गर्नुपर्ने महत्वको विषयमा यो लेख केन्द्रीत हुनेछ ।

### *(क) एम.सि.सि.को संक्षिप्त पृष्ठभूमि*

सन् २००१ सेप्टेम्वर ११ मा WTO को जुल्याहा भवनमा भएको आक्रमणपछि विश्वव्यापी रूपमा अमेरिकी साम्राज्यवादको साख नराम्ररी गिर्न पुगेको थियो । यस परिघटनाबाट तरङ्गित विश्व अर्थतन्त्र र राजनीतिलाई आफ्नो पकडमा ल्याउन अमेरिकी साम्राज्यवादले नयाँ दृस्टिकोणको आवश्यकता महसुस गर्दै विश्व आतंकवादको विरुद्ध महाअभियानमा होमिएको घोषणा गर्न पुग्यो । विश्व महाशक्ति र विश्व अर्थतन्त्रको एक चौथाई हिस्सा ओगटेको अमेरिकी साम्राज्यवाद आफ्नो घोषित विश्व आतंकवाद विरुद्धको महाअभियानलाई प्रभावकारी कार्यान्वयनका गर्नका लागि विश्व जनमत आफूतिर आकर्षित गर्नु अनिवार्य थियो । गरिब, अल्प विकसित, विकासोन्मुख र अविकसित देशहरूमा कानुनी राज्य, लोकतन्त्रको बहाली, राजनीतिक र आर्थिक स्वतन्त्रता हुनु पर्ने, मानवाधिकारका आधारभूत मान्यताप्रति प्रतिबद्ध तथा आर्थिक विकास र संमृद्धिको सम्भाव्यता भएका मुलुकहरूलाई सहयोग गर्ने घोषणा गऱ्यो । विगतमा स्टेट डिपार्टमेन्ट, ब्कष्ब ब्ष्म र ग्क्ब्क्ष्म जस्ता अमेरिकी सहयोग निगमहरूमार्फत अनुदान प्रदान गर्ने गरे तापनि सेप्टेम्बर ११ को परिघटनापछि सो संस्थाहरूको प्रभावकारीताको मध्यनगर गर्दै सन् २००२ बाट छलफल हुँदै सन् २००४ जनवरीमा जर्ज डब्यू बुस प्रशासनले द्विपक्षीय संयुक्त राज्य अमेरिकी सहयोग मञ्चको रूपमा :ष्भिललष्ग ऋजबीभिलनभ ऋयचउयचबतष्यल को गठन गरिएको थियो । यसलाई राज्य विभाग र ग्क्ब्क्ष्म बाट स्वतन्त्र एजेन्सी भनियो । यसको उद्देश्य पूर्वाधार तथा आर्थिक विकास गरि गरिबी निवारण गर्ने भनिए पनि विकास र कुटनीति (Development and Diplomacy) का माध्यमबाट आफ्नो बैश्विक दवदवा कायम गर्नु थियो ।

अमेरिकामा डोनाल्ड ट्रम्पको उदयसँगै विश्व राजनीति र अर्थतन्त्रमा अमेरिकी साम्राज्यवादको घट्दो प्रभावलाई रोक्न फेरि अमेरिकालाई महान बनाऔं भन्ने योजना घोषणा गरे । आर्थिक, राजनैतिक र सामरिक योजना निर्माण गर्ने विषयलाई प्राथमिकतामा राख्यो । विश्वलाई विभाजन गर्ने हर्कट शुरु भयो । सोही क्रममा National Security Strategy of the United States of America Dec 2017 / Indo-Pacific Strategy Report June 1, 2019 / A Free and Open Indo-Pacific Advancing Shared Vision Nov-4,2019 उल्लेखनीय छन् । यी सबै रिपार्टहरूका आधारमा अमेरिकी साम्राज्यवादले विगतमा विकास र कुटनीतिमार्फत गर्दै आएको हस्तक्षेपलाई अब सुरक्षा रणनीतिसँग जोडेर लगेको देखिन्छ । अमेरिकी साम्राज्यवादले गरिव, अल्पविकसित, विकासोन्मुख मुलुकहरूलाई आर्थिक प्रलोभन देखाई विकास र कुटनीतिको नाममा सुरक्षा रणनीतिसँग जोड्ने साधनको रूपमा Millennnium Challenge Corporation लाई अगाडि बढाएको देखिन्छ ।

### *(ख) नेपालमा MCC प्रवेशको पृष्ठभूमि*

सन् २०१३ मा डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले लोकतन्त्रको बहाली, राजनीतिक र आर्थिक स्वतन्त्रता, मानवअधिकार, कानुनी राज्यको प्रत्याभूति जस्ता :ऋऋ का थ्रेसहोल्ड प्रावधान नेपाल सरकारले कार्यन्वयन गरिरहेको हुँदा :ऋऋ अनुदानको लागि नेपाल योग्य छ भन्ने जानकारी गराएको थियो । सन् २०१४ खिलराज रेग्मीको पालामा अनुदान प्रदान गर्ने सकारात्मक जवाफपछि अनुदान खर्च गर्ने सेक्टर, विकासका अवरोधहरू र विकासमा फड्को मार्ने आधारहरूको अनुसन्धान लागि भनेर नेपाली र अमेरिकीहरू सम्मिलित एक विज्ञ समूहको गठन गरिएको थियो । यही विज्ञ समूहको नाममा अमेरिकी स्वार्थ अनुकुलका सडक सञ्जाल र विद्युत प्रशारण लाइनमा अनुदान खर्च प्रस्ताव गरिएको थियो । यसरी सन् २०१५ मा :ऋऋ अनुदानको कार्यक्रममा छनौट भयो । शेरबहादुर देउवा सरकारको पालामा सन् २०१७ सेप्टेम्बरमा नेपाल सरकार र :ऋऋ का बीच परियोजना सम्झौतामा हस्ताक्षर भई अनुदान सहयोग बापत ५० करोड डलर र नेपाल सरकारको तर्फबाट १३ करोड डलर राख्ने सहमति भएको थियो । सो सम्झौतामा नेपालको तर्फबाट अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्की र :ऋऋ का तर्फबाट कार्यबाहक सिइओ जोनाथन नाशले हस्ताक्षर गरेको थियो । के.पी.ओली सरकारको पालामा पूनः सन् २०१९ सेप्टेम्वरमा अर्थमन्त्री युवराज खतिवडाले हस्ताक्षर गरि कार्यन्वयन सम्झौता गरेको थियो । यसरी नेपाल :ऋऋ को साझेदार राष्ट्रको रूपमा सहभागि भयो ।

### *(ग) MCC सम्झौताका विवादित प्रावधान संक्षिप्त सिंहालोकन*

MCC सम्झौताबारे जुन विवाद नेपालमा देखिएको छ । त्यो नेपालले सृजना गरेको विषय नभई अमेरिकी साम्राज्यवाद र :ऋऋ आफैले सृजना गरिएको प्रसंग हो। शुरुमा अनुदान सहयोग भने पनि अमेरिकी राष्ट्रिय सुरक्षा रणनीतिसँग जोडेर आर्थिक प्रलोभन देखाई सार्वभौमसत्तामाथि हस्तक्षेप गर्न प्रावधान देखिन आएको हुँदा यसको चौतर्फि विरोध भएको हो । :ऋऋ सम्झौताका विवादीत शर्तहरू निम्नानुसार रहेका छन् ।

#### *❖ संसदबाट अनुमोदन गर्नुपर्ने शर्तबारे*

एम.सि.सि.को अर्को अर्थ मिलेनियम च्यालेज कम्प्याक्ट हो। कम्प्याक्टको अर्थ सम्झौता हो । संसदबाट यसलाई पारित गर्नु पर्ने शर्त अमेरिकाले नेपाल सरकारसमक्ष राखिएको छ । एम.सि.सि. सम्झौता सडक र ट्रान्समिसन लाइन निर्माणसँग सम्बन्धीत अनुदानमा आधारित सामान्य परियोजना सम्झौता हो । यो सम्झौता संसदबाटै पारित गर्नु पर्दछ भन्नुको तात्पर्य सम्झौतालाई सरकारको पकडभन्दा बाहिरको बनाउने, कानुन सरह मान्यता दिलाउने र सम्झौता केहि कारण परिवर्तन गर्नु पर्ने स्थिति आएमा संसदबाट अनुमोदन चाहिने स्थिति पैदा गर्नुसँग जोडिएको छ। जुनै सरकार आए पनि सम्झौता नबदलिने गराउनका लागि यो शर्त अघि सारिएको देखिन्छ ।

#### *❖ सम्झौता लागु हुने दफा*

दफा ७.१ का अनुसार एम.सि.सि. सम्झौता र नेपालको राष्ट्रिय कानुन बाझिएमा प्रस्तुत सम्झौता लागु हुनेछ र नेपालको कानुन निष्प्रभावी हुने भन्ने कुरा उल्लेख छ । यस प्रावधानले राष्ट्रिय कानुनभन्दा अनुदान परियोजना सम्झौता माथि बनाउँछ । कानुनभन्दा माथि हुने कुरा एउटा सार्वभौम राष्ट्रका निम्ति स्वीकार्य हुनै सक्दैन । यसले देशको स्वाधीनता र सार्वभौमसत्तालाई खुम्च्याउँछ । यस्तो प्रावधान स्वीकार्नु राष्ट्रिय सार्वभौम सत्ता, सुरक्षा र नीतिहरू विकास र सहयोगका नाममा बेच्ने भन्ने हुन्छ ।

#### *❖ एम.सि.सि.को हैशियतसम्बन्धी दफा*

दफा ६.८ मा एम.सि.सि.प्रस्तुत सम्झौता कार्यन्वयनको लागि संयुक्त राज्य अमेरिकाको तर्फबाट कार्यरत संयुक्त राज्य अमेरिकाको सरकारी निगम हो । प्रस्तुत सम्झौता अन्तर्गत कुनै पनि क्रियाकलाप वा अकर्मण्यताबाट उत्पन्न हुने हानी वा दावीप्रति एमसिसि वा संयुक्त राज्य अमेरिकाले दायित्व बहन गर्दैन । प्रस्तुत सम्झौता अन्तर्गतका क्रियाकलाप वा अकर्मण्यताबाट उत्पन्न हानी, नोक्सानी, चोटपटक वा मृत्यु सम्बन्धी दावि र कानुनी प्रकृया अवलम्बन नगर्ने सहमति। एमसिसि र संयुक्त राज्य अमेरिका सरकारका बर्तमान र भूतपूर्व अधिकारी वा कर्मचारीहरू नेपालका कुनै पनि अदालत र न्यायाधिकारको क्षेत्राधिकारबाट उन्मुक्त रहने छन भनि सहमति गरिएको छ ।

यो प्रावधानले नेपालको प्रचलित कानुनभन्दा माथि एमसिसिका कर्मचारीलाई राखिएको छ। जस्तो सुकै अपराध गरे पनि उनीहरूलाई कानुनी कारबाही गर्नबाट बर्जित गरिएको छ ।

#### *❖ बौद्धिक सम्पत्तिसम्बन्धी*

दफा ३.२(च) अनुसार सरकारले आफ्नो तर्फबाट एमसिसिलाई बौद्धिक सम्पत्तिको कुनै अंश वा अंशहरू हाल ज्ञात भएको वा यस पश्चात विकसित हुने एमसिसिले उपयुक्त देखेको कुनै माध्यममा जुनसुकै प्रयोजन (उत्पादन, पुनः उत्पादन, प्रकाशन, परिवर्तन, प्रयोग, सञ्चय, रूपान्तरण वा उपलब्ध गराउने अधिकार समेत) का लागि अविच्छिन्न, अपरिवर्तनीय, रोयल्टीरहित, विश्वव्यापी, पूर्णरूपमा भुक्तान गरिएको, हस्तान्तरण गर्न सक्ने अधिकार तथा प्रयोग गर्न वा गरेको हुन अनुमति प्रदान गर्दछ ।

यो प्रावधानले रोयल्टीरहित ढँगले बौद्धिक सम्पत्ति सधैंका लागि फिर्ता लिन नमिल्ने गरि एमसिसिलाई बुझाउनु पर्ने छ । हाल ज्ञात भएको मात्र होइन भविष्यमा विकास हुने समेत पर्दछ । यसरी सम्झौता द्विपक्षीय भनिए तापनि बौद्धिक सम्पत्तिमाथि अमेरिकाको एक पक्षीय देखिन्छ । यसले अमेरिकालाई असिमित बौद्धिक सम्पत्ति सुम्पनु पर्ने हुन जान्छ । एमसिसिको कोषएँगलम० १ प्रतिशत मात्र लगानी भयो भने पनि सम्पूर्ण आविस्कार, योजना, सफ्टवेयर र म्यानुओलहरू वा बौद्धिक सम्पत्ति एमसिसिको स्वामित्वमा जाने छ । जसलाई एमसिसि रोयल्टीरहित प्रयोग वा अन्यत्रपनि ट्रास्फर गर्न पाउने प्रावधान दिएका छ, यो राष्ट्रघाती छ ।

#### *❖ सम्झौता अन्त्य र निलम्बन सम्बन्धी व्यवस्था*

धारा ५, दफा ५.१ (क) एक पक्षले अर्को पक्षलाई ३० दिनको लिखित पूर्व सूचना दिई पूर्णरूपमा बिना कुनै कारण यो सम्झौता अन्त्य गर्न सक्नेछ । एमसिसिले सरकारलाई ३० दिनको लिखित पूर्व सूचना दिई आंशिक रूपमा पनि बिना कुनै कारण यो सम्झौता वा एमसिसिको अनुदान अन्त्य गर्न सक्नेछ ।

यस दफा अनुसार एमसिसिलाई विनाकारण ३० दिनभित्र लिखित सूचना दिई आंशिक रूपमा विनाकारण सम्झौता वा अनुदान अन्त्य गर्न पाउने प्रावधान राखिएको छ भने नेपाल सरकारले पूर्ण रूपमा मात्र अन्त्य गर्ने पाउने व्यवस्था गरिएको छ। यो खतरनाक छ। यस प्रावधानका आधारमा जुनसुकै बेलामा पनि अमेरिकाले नाजायज शर्त राखेर बार्गेनिङ्ग गर्न सक्छ । त्यसो नगरे अनुदान खारेज गर्ने चेतावनी दिन सक्छ ।

#### *❖ अनुसुची ५ लागू हुनका लागि अतिरिक्त पूर्व शर्तहरू*

प्रस्तुत सम्झौताका शर्तहरूलाई कार्यान्वयनमा ल्याउन निम्नानुसारका थप पूर्व शर्तहरू अनिवार्य रूपमा पालना गरिएको हुनुपर्दछ। (क) सरकारले एमसिसिलाई सार र रूपमा चित्त बुझ्ने योजना तयार पारी पठाउनु पर्नेछ र त्यस्तो योजना पठाउँदा, भारत सरकारले सो योजनाको समर्थन गरेको हुनुपर्नेछ। त्यस्तो योजनाले (१) नयाँ बुटवल अन्तरसीमा गोरखपुर प्रसारण लाइन निर्माणको लागि आवश्यक प्रमुख वित्तीय तथा प्राविधिक कार्ययोजना र (२) सोको परिचालनका लागि आवश्यक सिद्धान्त समेटेको हुनुपर्ने ।

यो प्रावधानका आधारमा गोरखपुर प्रशारण लाईनको विषय मात्र हो भन्ने भारतको सहमति लिनुलाई जायज मान्न सकिन्छ तर सम्पूर्ण प्रोजेक्टमै भारतको सहमति लिनु पर्ने प्रावधान राखिएको छ, जुन खेदजनक छ ।

#### *❖ इम्युनिटीको हकसम्बन्धी दफा*

कार्यक्रम कार्यन्वयन सम्झौताको बुँदा नं.१.२ (ख)(अ) मा इम्युनिटीको हक पनि निकै खतरनाक र राष्ट्रघाती छ। यस बुँदामा परियोजनासँग सम्बन्धी कुनै सम्पत्ति वा सामानहरू सरकारले आफ्नो स्वामित्वमा लिन वा जफत गर्न नपाईने प्रावधान राखिएको छ । यो दफालाई संसदबाट अनुमोदन गर्ने हो भने यसको व्यापक दुरूपयोग हुने र नेपालका रणनैतिक सडकहरूमा चीन केन्द्रीत वा नेपाल केन्द्रीत मालसामान वा प्रविधिहरू भित्रिने सम्भावना प्रचुर हुन्छ। किनकि एमसिसि सम्झौता चीन बिरुद्ध परिलक्षित छ । यो दफा स्वीकार गर्ने हो भने चीन विरुद्ध संबेदनशील सामाग्री भित्रिएमा नेपालले मुकदर्शक हुनुको विकल्प रहने छैन । देशकै स्वाधीनताको विरुद्ध र चीनका पनि विरुद्ध उपयोग हुन सक्ने शर्त स्वीकार गर्नु भनेको मृत्युको घण्टी कुर्नु जति कै हुन्छ । साथै एमसिसि अनुदानमा आधारित परियोजना भएको कारण कुनै पनि हालतमा कुटनीतिक निकाय जसरी इम्युनिटी छुट दिनु खतरनाक सावित हुन सक्दछ ।

#### *❖ एमसिएको भूमिका बारेको दफा*

एमसिसिको दफा ३.२ मा सम्झौताको कार्यन्वयन र व्यवस्थापनका लागि नेपाल सरकारले एमसिए(नेपाल नामको स्वतन्त्र स्वायत्त निकाय गठन गर्ने व्यवस्था गरिएको छ। सोहि अनुरूप कार्यक्रम कार्यन्वयन सम्बन्धी सम्झौताको बुँदा नं.१.३ (क)(आ) मा पनि सरकारले एमसीए(नेपाललाई सम्झौता अवधिभर विधिवत रूपमा व्यवस्थित, पर्याप्त कर्मचारी तथा तोकिएका अधिकार र जिम्मेवारीहरू प्रयोग गर्न दिने सुनिश्चित गरिएको छ। तर बुँदा नं.१.३ (ख) (अ) मा शक्ति र अधिकार शिर्षकमा एमसीए(नेपालसँग नेपाल सरकारलाई तोकिएका अधिकार र जिम्मेवारीहरूबाट पूर्ण हदसम्म बाँध्न पाउने प्रावधान राखिएको छ । यो एक लज्जाजनक प्रावधान हो जसले एक सार्वभौम सत्ता सम्पन्न मुलुक र जो सँग यो सम्झौता मान्दिन भन्ने अधिकार छ, उसलाई एउटा एजेन्सीले बाँध्ने (Bind गर्ने) अधिकार रहने प्रावधान छ। यो प्रावधानले एमसिएलाई संविधानभन्दा माथि राखेको छ । यस्तो सम्झौता साँच्चै नै कार्यन्वयनतिर गयो भने के हुन्छ ? यो प्रस्ताव कुनै पनि देशभक्तले स्वीकार गर्न सक्छ ?

#### *❖ एमसिएको स्वायत्तता*

त्यसैगरी बुँदा नं.१.३(ख)(ई) एमसिएलाई यति धेरै स्वायत्तता दिएको छ कि नेपालको सरकारको कुनै पनि निकायले यसको निर्णयहरू हेरफेर, संशोधन वा परिमार्जन गर्न नपाउने र यसका निर्णयहरूलाई प्रभाव पार्ने गरि नेपाल सरकारले कुनै पनि सल्लाह, सुझाव समेत दिन नसक्ने पारिएको छ साथै अपील नलाग्ने अदालतको फैसलाले मात्र निर्णयहरू हेरफेर हुन सक्ने व्यवस्था गरिएको छ । एमसिसिको हकमा भन्ने प्रत्येक निर्णयका लागि एमसिएले सहमति अनिवार्य लिनु पर्ने व्यवस्था गरिएको छ। यसले के दर्शाउछ भने सम्झौता कार्यन्वयनका लागि नेपाल सरकारले गठन गरेको निकाय नै एमसिसिको नियन्त्रण र पकडमा हुने तर नेपाल सरकारको पकड र नियन्त्रणभन्दा बाहिर हुने व्यवस्था देशकै निम्ति घातक र खतरनाक हुनेछ ।

❖ बुँदा नं.१.३ (ख) (उ) MCA-Nepal ले MCC लाई चित्तबुझ्दो रूपमा आन्तरिक Rules र Regulations वा Bylaws हरू बनाउने सम्पूर्ण अधिकार एमसिए नेपाल मात्र दिइएको छ । विकास ऐन अन्तर्गत बनेको विकास समितिले बनाएको नियमहरूको अन्तिम अख्तियार सरकार हुने प्रावधान विपरित एमसिएलाई सम्पूर्ण अख्तियार दिएको छ। यो अत्यन्त आपत्तिजनक विषय हो। यो प्रस्तावको सार भनेको नेपाल सरकारले प्रस्तुत प्रोजेटको अहित गर्छ र एमसिएले हित गर्छ भन्ने मानसायले सम्झौता तयार पारेको देखिन्छ। यसले नेपाल सरकारभन्दा एमसिए नेपाल माथि राखको छ। यस्तो प्रस्तावले नेपाल सरकार निर्णयहरू एमसिए नेपालले नमान्ने स्थिति पैदा हुन गई द्वैत सरकार (Duet Government) को स्थिति आउन सक्छ ।

माथिका बुँदाहरूका आधारमा यो सम्झौता असमान, हेपाहा मात्र होईन राष्ट्रघाती पनि छ भन्ने कुरा पुस्टि गर्दछ। यस्ता अझै पनि धेरै प्रावधानहरू एमसिसि सम्झौता र कार्यन्वयन सम्झौतामा राखिएको छ। जुन एउटा सार्वभौम सत्ता सम्पन्न र स्वाधीन राष्ट्रले स्वीकार गर्नै सकिदैन । यसर्थ यो सम्झौताको परिमार्जन होईन खारेजी अपरिहार्य छ ।

### *निश्कर्ष*

श्रीलंकाले एमसिसि कम्प्याक्ट अस्वीकार गरे लगतै दवावमा परेको अमेरिकी साम्राज्यवाद नेपालमा एमसिसि परियोजना सम्झौता लागु गराउन राजनैतिक दवाब दिने विन्दुमा आई पुगेको छ। यसका मूख्य कारण अमेरिका कुटनैतिक रूपमा असफल हुन नचाहनु, नेपालमा आफ्नो उपस्थिति कमजोर भई चीनियाँहरूलाई सहयोग पुग्ने भय र एमसिसि लागु हुने चरणमा रहेका मुलुकहरूमा नकरात्मक सन्देश प्रवाह हुने भय रहेको छ। अमेरिकी साम्राज्यवाद नेपालमा एमसिसि परियोजना सम्झौता जसरी पनि कार्यन्वयन गर्न २ वटा स्वार्थसहित आईरहेको छ ।

#### *(१) व्यापारिक स्वार्थ*

समकालीन विश्व राजनीतिको एक महत्वपूर्ण अवयव भनेको व्यापार राजनीति हो । व्यापारिक स्वार्थ नै अहिलेको समयको मूल राजनैतिक स्वार्थ हुदै गईरहेको छ। अहिलेको अमेरिका र चीनवीचको अन्तरविरोध पनि व्यापार राजनीति कै अन्तरविरोध हो। एमसिसि परियोजना सम्झौता बमोजिम ट्रान्समिसन लाईन विकास भईसकेपछि बहुरास्ट्रिय कम्पनी प्रवेश गराई मुनाफाको ठूलो हिस्सा लैजाने अमेरिका दाउ छ। एशिया विश्व व्यापारको केन्द्र बन्दैछ भन्ने राम्ररी बुझेको अमेरिकी साम्राज्यवाद हिन्द-एसिया-प्रशान्त क्षेत्रमा बलियो उपस्थिति बनाई विश्व व्यापारमा तीव्र प्रभाव बढाउदै गईरहेको चीनलाई रोक्ने लक्ष्य सहित आफ्नो जवरजस्त उपस्थिति देखाउन चाहन्छ ।

#### *(२) सामरिक स्वार्थ*

अमेरिकामा डोनाल्ड ट्रम्पको उदयसँगै विकास-कुटनीति-सुरक्षा मामिलालाई एक ठाउँमा जोडेर लाने प्रक्रियाको शुरुवात भयो। अमेरिकाले सोहि अनुरूप परराष्ट्र नीतिमा विश्वव्यापि दिने अनुदान सहयोगलाई सुरक्षा रणनीतिसँग जोडने नीति बनाए । अहिले विश्वव्यापी नवऔपनिबेशिक उत्पीडन व्यप्त छ । अमेरिकी साम्राज्यवादले पूर्वाधार विकासका नाममा सशर्त आर्थिक अनुदान सहयोग गरि विकासोन्मुख देशलाई आफ्नो प्रभावमा लिने नवऔपनिवेशिक नीति अवलम्बन गर्दै आएको छ। एसिसि त्यसकै एक साधन हो । नेपाललगायत विकासोन्मुख देशहरूमा अहिले प्रयोग भएको विधि पनि यही हो ।

विश्व राजनीति र अर्थव्यवस्थामा गुम्दै गएको आफ्नो प्रभावलाई नियन्त्रण गर्न युद्ध राजनीतिमा आफूलाई समावेश गराउने रणनीतिमा अमेरिका लागेको छ। यही रणनीति अनुसार विश्व राजनैतिक शक्ति सन्तुलन आफ्नो पक्षमा पार्ने उसले प्रयत्नमा छ। विश्वव्यापी रूपमा युद्धस्तरमा विकास भइरहेको चीनियाँ प्रभाव विस्तारलाई रोक्न Indo-Pacific Strategy जसको उद्देश्य चीनलाई घेराबन्दीमा पार्नु रहेको छ, को रणनीतिको विकास गरेको छ। सोहि अनुसार यस क्षेत्रका मुलुकहरूमा आर्थिक प्रलोभन देखाएर चीनियाँ महत्वकाँक्षी योजना बिआरआई परियोजनालाई असफल पार्न अमेरिका योजनाबद्ध रूपमा हिन्द-एशिया-प्रशान्त क्षेत्रमा सामरिक स्वार्थसहित आएको छ ।

अतः एमसिसि परियोजना सम्झौता कार्यन्वयन भएमा नेपालको राष्ट्रिय स्वाधीनता समाप्त भई नेपाल विश्व शक्ति केन्द्रहरूको युद्धको मैदान हुने सम्भावना बढेको छ। प्रतिक्रियावादी दलाल सरकार आफैले अवलम्वन गर्दै आइरहेको असंलग्न परराष्ट्र नीति विपरित राष्ट्रघातमा आँखा चिम्लेर लागिपरेको सन्दर्भमा राष्ट्रिय स्वाधीनता रक्षा गर्न सम्पूर्ण देशभक्तहरू, वामपन्थी र जनवादी शक्तिहरू एकताबद्ध भई एमसिसि परियोजना सम्झौता खारेज आन्दोलनलाई प्रभावकारी बनाउनु अपरिहार्य भएको छ ।

*साभार : ह्याउँ निभाः वर्ष १६ पूर्णाङ्क ४ कार्तिक २०७८*

## राष्ट्रिय...

अतिक्रमण, नेपाली जनताको जनजीवनमाथि प्रत्यक्ष रूपमा असर पार्ने गरी आर्थिक र साँस्कृतिक रूपमा अतिक्रमण, जनसंख्यायिक अतिक्रमण, राजनीतिक हस्तक्षेप आदि पर्दछन् । नेपालको राष्ट्रिय स्वाधीनता सम्बन्धित विषयलाई यसरी सुत्रबद्ध गर्न सकिन्छ ।

१. नदीनाला, जलस्रोत तथा जलविद्युत्सँग सम्बन्धीत असमान सन्धी सम्झौताहरू । यस अन्तर्गत कोशी, गण्डक सम्झौता, महाकाली सन्धी, पछिल्लो चरणमा भएका अपर कर्णाली र अरुण तेस्रो रहेका छन् ।

२. कोशी नदीमा उच्च ड्याम बनाउने परियोजना, जसले नेपालको थुप्रै वस्ती र खेती योग्य भूमि जलमग्न बनाउने छ । यसका साथै नेपालको दक्षिणी सीमानामा भारतद्वारा जमिन उठाएर बनाइएका सडक तथा ड्याम, जसले नेपाली भूमि वर्षातको मौसममा डुवानमा पारिरहेको छ ।

३. पारवहन सन्धी ।

४. भारतीय विस्तारवादले नेपाल जस्तो भूपरिवेस्थित देशमाथि वेला वखत गरिने नाकाबन्दी ।

५. सीमाना अतिक्रमण ।

६. दार्चुला जिल्लास्थित कालापानी-लिपुलेक-लिम्पियाधुरा भारतीय विस्तारवादको फौजसहितको कब्जा ।

७. नेपालको अर्न्तराष्ट्रिय त्रिभुवन विमान स्थलमा भारतीय सेना राख्ने सहमति ।

८. विप्पा संझौता ।

९. नागरिकता विधेयक ।

१०. सन् १९५० को सन्धी तथा त्यस अघिका सन् १८१६ को सुगौलीसम्मका सन्धीहरू जसले नेपाललाई भारतको उपनिवेश बनाएको छ ।

११. सन् १९६५ को सन्धी र पत्राचारहरू जसले नेपाललाई भारतीय सुरक्षा छातामुनि ल्याउने काम गरेको छ ।

१२. पछिल्लो चरणमा नेपाली राजनीतिमा भारतीय हस्तक्षेप जसले नेपाललाई भारतको अर्धउपनिवेश मात्र नबनाएर नबउपनिवेश बनाउने गरेको छ ।

१३. MCC ।

१४. भारतीय सांस्कृतिक हस्तक्षेप ।

१५. नेपाली बजारमा भारतीय उत्पादन बेरोकटोक प्रवेश ।

१६. नेपाली कच्चा पदार्थ भारतका लागि सस्तो श्रोतको भण्डार ।

१७. नेपालका संसदवादी पार्टी तथा नेताहरूको राष्ट्रिय आत्मसमर्पणवादी चरित्र ।

यी बुँदाहरूले गर्दा नेपालको स्वाधानतामा गंभीर समस्या यथावत रूपमा रहिरहेका छन् र साम्राज्यवाद र विस्तारवादको नेपालमाथि हस्तक्षेप निरन्तर रूपमा जारी छ। वर्तमान अवस्थामा नेपाल स्वाधीन तथा स्वतन्त्र छैन । त्यसैले माथि उल्लेखित विषयहरू हल गरेर नेपालका सवालमा विदशी हस्तक्षेप र दवावरहित नेपाली जनता आफैले निर्णय गर्ने स्थितिमा मात्र नेपाल स्वाधीन र स्वतन्त्र रहने छ ।

***देशको आन्तरिक राष्ट्रियता***

सयौं अझ हजारौं वर्षदेखि आफ्नो आदिथलोमा आफ्ना पुर्खाले रगत पसिना वगाएर सिंचित गरेको भूमि, भाषा, कला, सँस्कृति, सम्पदा, अर्थतन्त्र चाहे मानव समुदायको स्थिति कविला होस्, चाहे जनजाति होस् वा जाति (राष्ट्र) होस्, सबैलाई आफ्नो आदिथलो तथा समुदाय प्यारो हुन्छ र यसको मापन देशभन्दा कम प्यारो भन्ने हुँदैन । यसमाथि आफ्नै देशभित्रबाट हुने हस्तक्षेप पनि बाह्य हस्तक्षेप कै अनुभुति हुने गर्दछ । त्यसैले नेपाल जस्तो बहुजाति, बहुभाषा, बहुसँस्कृति र बहुधर्म भएको देशमा आन्तरिक राष्ट्रियताको कुरा अत्यन्त संवेदनशील हुन्छ । तर नेपालमा ब्रम्हाणवादी शासकहरूले यसको वेवास्तामात्र होइन, नियोजित रूपमा षडयन्त्र गरेर उनीहरूमाथि उत्पीडन गर्दै आएको अवस्था छ ।

नेपालका आदिवासी जनजातिमाथि पृथ्वीनारायण शाहको गोरखा राज्य विस्तारका क्रममा र त्यसपछि पनि निरन्तर रूपमा उनीहरूका आदिथलो, भाषा, कला, संस्कृति, सम्पदा, धर्म, अर्थतन्त्रमाथि हस्तक्षेप, दमन र उत्पीडन हुँदै आएको छ । आज साम्राज्यवाद र विस्तारवादका दलाल, राष्ट्रिय आत्मसमर्पपणवादी तथा ब्रम्हाणवादी प्रतिक्रियावादी शासकहरूले यसलाई मलजल गर्दै आएका छन् । यसले देशको आन्तरिक एकतालाई कमजोर बनाएको छ र नेपालको बाह्य राष्ट्रियता जस्तै आन्तरिक राष्ट्रियता गंभीर संकटमा परेको छ ।

***आन्तरिक राष्ट्रियताका समस्याहरूलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ :***

१. आदिथलोमाथि अतिक्रमण र आप्रवासनको समस्या ।
२. भाषा, कला, संस्कृतिमाथि उत्पीडन र अतिक्रमण ।
३. सम्पदामाथि अतिक्रमण ।
४. प्राकृतिक स्रोतसाधनमाथि अतिक्रमण ।
५. विकास निर्माणको नाममा आदिवासी जनजातिको उठिवास र अप्रत्यक्ष रूपमा जातीय संहार ।
६. अर्थतन्त्रमाथि अतिक्रमण र विनास ।
७. संसदीय पार्टीका नेताहरूको सामन्ती ब्रम्हाणवादी र दलाली चिन्तन र सोच ।
८. साम्राज्यवाद तथा विस्तारवादको नेपालमाथिको स्वार्थ तथा यसको परिपूर्तिका लागि नेपाली सामन्ती ब्रम्हाणवादी दलाल नेताहरूको परिचालन तथा आदिवासीमाथि उत्पीडन ।

आन्तरिक राष्ट्रियताको समस्या हल गर्न यहाँका आदिवासी जनजातिहरूलाई आत्मनिर्णयको अधिकार स्वीकृति र पहिचान सहितको संघीयता, स्वायत्तता, स्वशासन र अग्राधिकारको व्यवस्था हुनु पर्दछ । यसले देशका सबै जाति समुदायहरूलाई समान अधिकारको ग्यारेण्टी गर्दछ । आदिवासी जनजातिहरूलाई यस्तो अधिकारको व्यवस्था भएपछि माथि उल्लेख गरिका आन्तरिक राष्ट्रियताका समस्या हल गर्नेछ र समानताको आधारमा आन्तरिक एकता मजबुत हुनेछ ।

***निष्कर्ष***

नेपालको राष्ट्रियताको कुरा गर्दा बाह्य राष्ट्रियता र आन्तरिक राष्ट्रियता दुवै गंभीर संकटमा रहेका छन् । आन्तरिक राष्ट्रियता (आदिवासी जनजाति र क्षेत्रमाथि भइरहेका उत्पीडन) को समस्या हल नभई वास्तवमा देशभित्रको राष्ट्रियता मजबुत हुन सक्दैन । यसको मतलब जनता बीचमा सुदृढ एकता पैदा हुन सक्दैन । जनताको सुदृढ एकता बिना बाह्य राष्ट्रियताको समस्या (बाह्य शक्ति विशेष गरी भारतीय विस्तारवादको थिचोमिचो, उत्पीडन र हस्तक्षेपका) विरुद्ध शसक्त रूपमा लड्न सकिँदैन । अर्कोतिर बाह्य राष्ट्रियतालाई सुदृढ बनाउन नसक्दा आन्तरिक राष्ट्रियता पनि सुदृढ हुन सक्दैन । आन्तरिक राष्ट्रियता र बाह्य राष्ट्रियता बीचमा द्वन्दात्मक सम्बन्ध रहेको हुन्छ । अर्को शब्दमा भन्दा आन्तरिक राष्ट्रियता र बाह्य राष्ट्रियता एक अर्काका परिपुरक हुन्छन् । त्यसैले राष्ट्रियताको कुरा गर्दा एक पक्ष समातेर अर्को पक्षलाई अनदेखा गर्नु राष्ट्रियताको आन्दोलनलाई जानीनजानी कमजोर बनाउने काम हुन्छ । यसबाट हामी सतर्क रहनु पर्दछ । हामी फेरि यस कुरामा पनि स्पस्ट हुनु पर्दछ कि अन्ततः बाह्य राष्ट्रियता प्रधान हुन्छ । यसो भन्दै गर्दा आन्तरिक राष्ट्रियतालाई छोड्नु गंभीर गल्ती हुनेछ र यसले बाह्य राष्ट्रियतालाई कमजोर बनाउँदछ ।

त्यसैले राष्ट्रियताको मुद्दा जुन देशको अत्यन्त संवेदनशील तथा जटिल मुद्दा र देशको एउटा जल्दोबल्दो तथा प्रमुख मुद्दा मध्ये एक बनेको छ, यसलाई हल गर्न सबैले आन्तरिक तथा बाह्य राष्ट्रियता हल गर्ने गरी दुबै मुद्दाहरूलाई शसक्त रूपमा उठान गरेर संघर्षलाई शसक्त बनाउनु पर्दछ । साथै यसका लागि आम नेपाली जनता एक भई साम्राज्यवाद विशेष गरी भारतीय विस्तारवाद र नेपालका दलाल तथा नोकरशाही पूजीवाद सामन्तवाद विरुद्ध संघर्ष गरी नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर संघीय जनगणतन्त्र स्थापना गर्ने दिशामा अघि बढ्नु पर्दछ ।

***साभार : ह्याउँ निभा: वर्ष १६ पूर्णाङ्क ४ कार्तिक २०७८***

## २१ माघमा...

गर्नका लागि सम्बन्धित पार्टी कमिटीका कमरेडहरूलाई निर्देशित गर्नुका साथै सबै जनवर्गीय सङ्गठन तथा मोर्चा सहित आम देशभक्त, प्रगतिशील, जनवादी तथा वामपन्थी मित्रहरू र शुभचिन्तकहरूलाई विशेष अनुरोध समेत गर्नु भएको छ ।

वक्तव्यमा देशको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको प्रश्न गम्भिर बन्दै गएको विषयलाई उल्लेख गर्दै भनिएको छ, " देशको राष्ट्रिय स्वाधीनताको रक्षा तथा सार्वभौमिकताको प्रश्न गंभीर बन्दै गएको छ । एकातिर अमेरिकी साम्राज्यवादले एमसीसी परियोजना थोपर्ने धृस्टता गर्दै आएको छ भने अर्कोतिर भारतीय विस्तारवादले लिपम्पयाधुरा, कालापानी, लिपुलेक क्षेत्रमाथि निर्लज्ज अतिक्रमण गरेको छ । गठबन्धन सरकारको नेतृत्व गरिरहेको नेपाली काङ्ग्रेस संसदबाट एमसीसी पारित गराउन लागि परेको छ । अतिक्रमित लिपुलेक क्षेत्रमा भारत सरकारले सडक बनाउँदा र त्यसको विस्तार गर्दा पनि पाँच दलीय गठबन्धन सरकारले आधिकारिक तथा औपचारिक रूपमा कुनै प्रतिवाद गरेको छैन । सो क्षेत्रमा भारतीय अतिक्रमण रोक्न तथा नेपाली भूभाग फिर्ता ल्याउनका लागि कुनै पनि कूटनीतिक तथा राजनीतिक पहल नगरी मौनता साधेर बसेको छ । यो स्वाभिमानी नेपालीका लागि गंभीर चिन्ताको विषय हो ।"

***एमसीसी पास गर्न अमेरिकाले बढाइरहेको दबाब***

काठमाडौं । एमसीसी कार्यालयका प्रतिनिधिले १६ माघको संसद बैठकमै सम्झौता छलफलका लागि प्रवेश गरोस् भन्ने चाहनासहित शीर्ष नेताहरूसँग छलफल गरिरहेको अवस्थामा प्रतिनिधिसभाका सभामुख अग्नी सापकोटाले संसद बैठक पुनः स्थगित गरी २६ माघ, बुधबार दिनको १ बजेका लागि बोलाएका छन् । उच्चस्तरीय स्रोतका अनुसार चालु संसद अधिवेशनबाट नै एमसीसी सम्झौता अनुमोदन गराउन अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) कार्यालयले दबाब बढाइरहेको छ ।

उच्च राजनीतिक स्रोतका अनुसार प्रधानमन्त्री शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओली सम्झौता अगाडि बढाउन राजी भए पनि माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड तयार नभएकोले प्रचण्डमाथि अमेरिकाले दबाब बढाएको छ ।

स्रोतका अनुसार अहिले शीर्ष नेताहरूलाई वासिङटन डीसीस्थित एमसीसी कार्यालयले सीधै संवाद गर्न थालेको छ । उक्त स्रोतका अनुसार त्यसको नेतृत्व फतिमा सुमारले गरेकी छिन् । अमेरिकाको दबाब बढिरहेका बेला नेपालका संसदवादी राजनीतिक दलका नेताहरू दबाब महसुस गरेका छन् । स्थानीय चुनावको लागि भनिए पनि देउवा, प्रचण्ड र नेपालको भेटमा एमसीसीको विषयमा पटक पटक छलफल भएको छ ।

२ माघ ०७८ मा कान्तिपुर दैनिकमा पत्रकार जगदीश्वर पाण्डेसँगको अन्तर्वार्तामा एमसीसीका निमित्त प्रमुख कार्यकारी अधिकृत (सीईओ) महमुद बाहले सम्झौताका लागि अर्को संसदीय निर्वाचनसम्म कुर्न नसक्ने जवाफ दिएका थिए ।

दूतावास र एमसीए नेपालको प्रयासलेमात्रै एमसीसी अनुमोदन नहुने बुझाइमा पुगेको अमेरिकाले डीसीबाट डिल गर्नेक्रममा राजनीतिक दबाब पनि बढाउन थालेको हो । स्रोतका अनुसार विगतको तुलनामा एमसीसी अनुमोदन गराउन वासिङटन डीसीबाट काठमाडौंमा शीर्ष नेताहरूमाथि दबाबमात्र होइन्, धम्की पनि आउन थालेको छ ।

***ध्वनीमतबाटै एमसीसी अनुमोदन गर्ने पक्षमा देउवा र ओली***

संसदवादी दलहरू विशेष गरी कांग्रेस र एमाले एमसीसी सम्झौता अनुमोदनका लागि संसदमा प्रस्तुत भएमा भोटिङमार्फत भन्दा पनि ध्वनिमतबाट अनुमोदन गराउने पक्षमा देखिएका छन् । यसअघि पारित गरिएका केही विधेयक र बजेटजस्तै ध्वनिमतबाट अनुमोदन गर्ने पक्षमा देखिएको बुझिएको छ । स्रोतका अनुसार ध्वनिमतमा पारित गराउन एमाले अध्यक्ष केपी ओलीले पनि समर्थन दिएका छन् । एमालेको रणनीति चाँहि संसदमा आफ्नो विरोध पनि भइरहोस् अनि एमसीसी सम्झौता अनुमोदन पनि होस् भन्ने देखिएको छ । भोटिङ नै गर्नुपर्ने अवस्थामा पनि कम्तिमा ७५ जना सांसद उपस्थित गराउने अध्यक्ष केपी ओलीले प्रधानमन्त्री शेरबहादुर देउवालाई आश्वसन दिएको स्रोतको दाबी छ ।

***रोकिएन इण्डियानको विस्तारवादी दादागिरी***

नेपालको लिम्पियाधुरा-लिपुलेक-कालापानी क्षेत्र कब्जा गरी बसेको इण्डियाले त्यस क्षेत्रमा पक्की सडक लगायत भौतिक संरचनाहरू निर्माण गरिरहेको छ र त्यसको सगर्व घोषणा समेत गरिरहेको छ । र, आफ्नो विस्तारवादी दादागिरी प्रवृत्तिको प्रदर्शन गरिरहेको छ । नेपालमा सडकदेखि सरकारसम्म यसको विरोध भए पनि इण्डियन विस्तारवादका नाइके नरेन्द्र मोदीले नेपाली भूभागमाथिको अतिक्रमण र हस्तक्षेप बन्द गरेका छैनन् । बरु अन्यत्र सीमा जोडिएको ठाउँमा समेत पक्की सडक निर्माण गरेर नेपाललाई डुबानमा पार्ने काम गरिरहेका छन् ।

प्राप्त समाचार अनुसार दार्चुलामा महाकाली नदीनै थुनिनेगरी इण्डियाले तटबन्ध बनाइरहेको छ । दार्चुला सदरमुकाम क्षेत्रभित्र महाकाली नदीमा इण्डियन पक्षबाट नदीको प्रवाह प्रभावित हुनेगरि तटबन्ध निर्माण गरिरहेको हो । अहिले इण्डियाले नेपालतिर नदीको बहाव फर्काउने गरी तटबन्ध बनाइरहेको छ, जसका कारण सदरमुकाम खलंगा जोखिममा पर्ने स्थिति बनेको छ ।

अहिले इण्डिया सरकारले पुराना तटबन्ध निर्माण गरेको ठाउँभन्दा ७ देखि १० मिटरसम्म भित्र नदी क्षेत्रमा तटबन्ध निर्माण कार्य संचालन गरिरहँदा नदीको प्रवाहमा असर पर्ने र भविष्यमा ठुलो जनधनको क्षति हुने सम्भावना रहेको जिल्लाबासीले गुनासो गरेका छन् । सिमा नदीमा तटबन्ध निर्माण गर्दा निश्चित अन्तराष्ट्रिय मान्यताहरू पालना गर्नुपर्नेमा सो नगरि एकतर्फी रूपमा तटबन्ध निर्माण कार्य संचालन भइरहेकोले अहिलेको अवस्थामा उक्त कार्य रोक्न पहल गर्न सरकारलाई दार्चुलाबासीहरूले सरकारलाई आग्रह गरेका छन् ।

इण्डियाले सीमावर्ती क्षेत्रमा निर्माण गरिएका अनधिकृत संरचना हटाउन र त्यस्ता संरचना बनाउनै नदिन सरकारबाट बलियो कुटनीतिक पहल नहुँदा इण्डियाले दार्चुला लगायत सीमा क्षेत्रमा पटक पटक बलमिच्याई गर्दै आइरहेको छ । इण्डियाले दार्चुलाको सदरमुकाम खलंगापारि महाकाली नदीको प्राकृतिक बहाव रोक्न अहिले सवा अर्ब रूपैयाँ लागतमा १ किमि लम्बाइ र ९ मिटर उचाइको पक्की तटबन्ध बनाउन सुरु गरेको छ ।

अन्तर्राष्ट्रिय सीमा सन्धिले एकअर्कालाई प्रतिकूल असर पर्ने र नदी तथा खोलाको प्राकृतिक धार परिवर्तन हुने गरी कुनै पनि देशले संरचना बनाउन नपाइने उल्लेख छ । संरचना बनाउनै पर्ने अवस्थामा दुवै देशको सहमति आवश्यक पर्छ । तर इण्डियाले दार्चुला सदरमुकाम खलंगाबाट केही सय मिटर मात्रै पारि धार्चुलाबाट महाकाली नदीको धार नेपालतर्फ फर्काउन पक्की तटबन्ध बनाइरहेको छ ।

दार्चुलाका प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले महाकाली नदीको प्राकृतिक धारलाई असर पुग्ने गरी इण्डियाले समन्वयबीना तटबन्ध बनाएको विषयमा गत शुक्रबार जिल्ला सुरक्षा समिति बैठकबाट निर्णय गराएर गृह मन्त्रालयमा जानकारी पठाएको बताए । तर यस विषयमा गृहमन्त्रालय तथा देउवा सरकारले हालसम्म कुनै प्रतिक्रिया दिएको छैन ।

त्यसैगरी पश्चिम नवलपरासीको सुस्ता क्षेत्रमा पनि इण्डियाले फेरि नेपाली भूभाग डुबानमा पर्ने गरी सडक निर्माण थालेको छ । सुस्ता क्षेत्रका सुस्ता, प्रतापपुर, सरावल र पाल्हीनन्दन गरी चारवटा गाउँपालिकाको दक्षिणी भूभाग डुबान हुने गरी इण्डियाले करिब २७ किलोमिटर लामो सडक बनाउन थालेको हो ।

इण्डियाले दशगजादेखि २५ मिटरको दूरीभित्रै आफ्नै भूमिमा सडक बनाउन थालेको छ । तर यो सडकको ठाउँ ठाउँमा कल्भर्ट वा ह्युमपाइप नराख्दा पानीको प्राकृतिक बहाव थुनिने र वर्षायाममा नेपाली भूभाग डुबानमा पर्ने डरले सुस्ता क्षेत्रका बासिन्दा चिन्तित बनेका छन् ।

इण्डियन पक्षले ६ फिट अग्लो र ३० मिटर चौडा सडक बनाउन अहिले माटो फिलिङ गरिरहेको छ । पानीको बहावको निकास नराखी सडक बनाउन थालेपछि सुस्ता क्षेत्रका चार वटै गाउँपालिकाले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र समेत बुझाएका छन् ।

इण्डियन पक्षले सुस्तामा १४ हजार हेक्टर जमिन अतिक्रमण गरेको सुस्ता बचाउ अभियानका अध्यक्ष गोपाल गुरुङले दाबी गर्दै आएका छन् र अतिक्रमित भूमि फिर्ताका लागि पहल गरिदिन नेपाल सरकारलाई पटक पटक ज्ञापन पत्र समेत दिएका छन् । तर नेपाल सरकारले त्यसको कुनै सुनुवाइ गरेको छैन ।

***लम्पसार देउवा सरकार***

नक्सामा समेत समेटिएको नेपाली भूमि फिर्ताका लागि नेपाल सरकारको नेतृत्व गरिरहेका नेपाली कांग्रेसका सभापति समेत रहेका शेरबहादुर देउवा इण्डियाले नेपाली भूमिमा नाङ्गो नाच नाचिरहँदा पनि चुँ सम्म बोल्ने हैसियत राख्न छाडेको छ । देशव्यापी रूपमा व्यापक विरोध भएपछि बाध्य भएर विरोधमा केही शब्द खर्चिए पनि देउवा सरकारले इण्डियाको सशक्त विरोध गरेको छैन । बरु आफ्नो सत्ता टिकाउन उसैसँग विभिन्न साँठगाँठ गरी नेपाल र नेपालीका विरुद्ध सौदाबाजी गर्ने षड्यन्त्र गरिरहेको बुझिएको छ । त्यसैगरी एमसीसी जस्तो राष्ट्रघाती एमसीसी सम्झौता पनि सदनबाट पास गराउन देउवा र देउवा सरकार मरिहत्ते गरेर लागिपरिरहेका छन् । यसबाट स्पस्ट हुन्छ कि देउवा सरकारबाट र यो दलाल तथा नोकरशाही पुँजीवादमा आधारित संसदीय व्यवस्थाबाट नेपालको स्वाधीनताको रक्षा र सार्वभौमिकताको संरक्षण हुन सक्दैन । देशको स्वाधीनता र सार्वभौमिकताको रक्षाका लागि सच्चा देशभक्त र क्रान्तिकारी शक्तिहरू अगाडि आउन पर्ने देखिन्छ ।

**रोयल बुईपा A/C जम्बो हाईस**
**गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म**

**काठमाडौं सम्पर्क नम्बर**
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०

**गाईघाट सम्पर्क नम्बर**
फोन नं. – ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४

**दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

❑ यो साताको कविता

## यात्रा उकालोतिर !



❑ बलराम तिमिल्सिना ❑



*केही महसुस हारका*
*केही महसुस थकानका*
*केही निराशाका*
*केही हीनताबोधका*
*केही विभ्रममा*
*केही चिन्तामा*
*केही चिन्तनमा*
*यस्तै यस्तै बिते केही साल !*
*उस्तै उस्तै लाग्ने*
*तर भिन्न भिन्न दिशा पक्रेका बाटाहरू*
*लमतन्न थिए मेरा अगाडि*
*वायाँतिर थियो*
*अप्ठेरो तर गन्तव्यतिर जाने बाटो*
*जुन बाटो छोडेर*
*कैयन चाओ तथा चुतेहहरू*
*कैयन लुसुन र गोर्कीहरू*
*लुसुक्क लागेका थिए*
*भोज चलिरहेको आँगनमा पुग्ने*
*दायाँतिरको चम्किलो बाटो !*
*दुवैतिरबाट थियो- निरन्तर निमन्त्रणा*
*वायाँपट्टीबाट*
*हरायो भनिएको नानीलाई*
*भेट्टाउँदाका बखत*
*आमाले बोलाएजस्तो*
*मायालु निमन्त्रणा थियो*
*दायाँपट्टीबाट*
*एक्लै हिडेकी युवतीलाई*
*आवारा केटाहरूले*
*जिब्रो पड्काउँदै*
*सिठ्ठी बजाउँदै*
*तिघ्रा ठटाउँदै*
*कोटबाट नोट निकालेर हम्कदै*
*र अश्लिल इशारा गर्दै बोलाएजस्तो*
*रस-रङ्ग सहितको निमन्त्रणा थियो !*
*यस्तै यस्तै भोग्दै*
*दिक्क मान्दै सोच्दै*
*बिरक्त मान्दै सोच्दै*
*केही छटपटी*
*केही हुटहुटी*
*र केही पुराना सपनाहरूको कुटुरो बोकेर*
*मैले फेरि उकालो लाग्ने शङ्कल्प गरें !*
*साँक्षी राखेर*
*एउटा बुढो तर ठिङ्ग उभिएको सतिसालको रुख*
*जसलाई ढलाउन कैयन आँधी आए*
*तर ऊ ढलेन*
*जसलाई गलाउन कैयन प्रयत्न भयो*
*तर ऊ मरिगए गलेन*
*कैयन पटक सिक्रो देखिदा ऊ*
*धेरैले भने- 'अब सतिसालको रुख सुक्यो !'*
*तर उसले पालुवा हाल्न छोडेन*
*हो त्यही सतिसालको रुखलाई साँक्षी राखेर*
*मैले एक पटक फेरि यात्रा थाल्ने कसम खाएँ !*
*न नियुक्तिको हतारो*
*न पिविएम बन्ने चटारो*
*न कसैलाई छिर्के हानेर लडाउने दाऊ*
*न कसैलाई खुइल्याएर चम्किलो देखिने ध्याउन्ना*
*यी सबै कुरालाई*
*इतिहासको चिहानमा गाडेर*
*यी सबै कुराहरू*
*महाजन कमरेडहरूलाई नै उपहार छाडेर*
*प्रेमपूर्वक मागेर*
*मजदूरहरूसँग साहस*
*किसानहरूसँग धैर्य*
*उत्पीडितहरूसँग आगो*
*र सहिदहरूसँग बाटोको नक्शा*
*मैले फेरि प्रण गरें हिड्न भनेर*
*अगम्य अक्करको बाटो !*

*२०७८ माघ ४*
*माइतीघर,काठमाण्डौ*

## लिम्पियाधुरा...

र त्यसपछि छापिएका नक्शामा पनि त्यही गल्ती दोहऱ्याइयो । यसप्रकार सुगौली सन्धिदेखि हालसम्ममा नेपालको नक्शा चार प्रकारका छापिएका छन् । हालसम्म त्रिदेशीय विन्दु तोकी नसकेको अवस्थामा भारतले महाकालीको मुहान भ्रम पार्न कालापानीस्थित सानो पानीको मुहान भएको स्थानमा कालीको मन्दिर बनाएको छ ।

गरिफुबाट बग्ने नदीभन्दा लिम्पियाधुराबाट बग्ने नदी जलविज्ञानका आधारमा मूल नदी भएकाले लिम्पियाधुराबाट बग्ने नदी नै काली नदी हो भनि पुस्टि हुन्छ । सुगौलि सन्धि हुँदा बखतमा ब्रिटिश इण्डिया सरकारले तयार पारेको नक्शामा उल्लेख भएको लिम्पियाधुराबाट बग्ने काली नदी नै वास्तविक काली नदी मान्न सकिन्छ । यसलाई आधार मानेर ब्रिटिश इण्डियासँग नेपालको पश्चिमी सिमाना निर्धारण गरिएको थियो । यस बाहेक ब्रिटिश इण्डिया सरकारका अधिकारीहरूको बीचमा भएका पत्र व्यवहार, सन् १९५९ फेब्रुअरी १८(२०१५ फागुन ७) गते भएको संसदको पहिलो आमनिर्वाचनमा यहाँका जनताले गरेको मतदान,वि.सं १९२४ फागुन ३ मा व्यासबासी जनताका नाममा जारी इस्तिहार सनद्, विं.सं. १९६२ सालमा बैतडीका मालपोत कार्यालयमा रहेको ब्यास गर्खाकोतिरो-तिरान सम्बन्धी अभिलेख अनुसार पनि सो क्षेत्र नेपालमा पर्न आउँछ ।

ब्यास गर्खा क्षेत्रका गुञ्जी, नावी, कुटी, टिङ्कर र छाँगरु गाउँहरूको जनगणना वि.सं.२०११ र २०१८ सालमा भएको थियो । अहिले यही कात्तिक २५ गते देखि मंसिर ९ गतेसम्म राष्ट्रिय जनगणना २०७८ को मूल गणना कार्य हुँदैछ । तर उक्त क्षेत्रमा जानका लागि भारतको बाटो भएर जानुपर्ने अवस्था रहेकाले नेपाल सरकारले सुपरिवेक्षणका लागि नअह्राएको भन्दै जिल्ला तथ्याङ्क कार्यालयले कर्मचारी नै खटाएनन् । त्यस क्षेत्रका घर परिवारको सूचीकरण गर्न भारतसँग छलफल गर्ने या भूउपग्रहबाट घरधुरी निर्धारण गर्ने भन्नेमा नेपाल सरकार अन्योल देखिन्छ ।

भारतले आफ्नो राजनीतिक नयाँ नक्शा दुई वर्ष अगाडि सन् २०१९ नोवेम्भर २ (२०७६ कार्तिक १६)का दिन प्रकाशन गऱ्यो । २०१९ अगस्त ५ मा बसेको संसदबाट पारित गरेको अधिनियम अनुसार २०१९ अक्टोबर ३१ गते आर्टिकल ३७० खारेज गरेर जम्मु, कस्मीर र लद्दाखलाई केन्द्र शासित प्रदेश बनाएको दुई दिन पछि यो नक्शा प्रकाशित भएको थियो । तर उक्त नक्शा प्रकाशन पछि नेपालका देशभक्त तथा क्रान्तिकारी जनसमुदायले विरोध गर्नु पर्ने अवस्था आयो । भारतले नेपालको लगभग ४०० वर्ग कि.मि. भूभाग लिम्पियाधुरा, कालापानी र लिपुलेकसम्मलाई आफ्नो नक्शामा समावेश गरेर प्रकाशन गर्यो । त्यस मध्येमा नेपालले छाप्दै आएको नक्शामा रहेको कालापानी र लिपुलेक सहित ६२ वर्ग कि.मि. भन्दा बढि भूभाग अतिक्रमण गरी भारतले आफ्नो नक्शा प्रकाशित गरेपछि नेपालको भौगोलिक अखण्डता र सार्वभौमसत्तामाथि प्रत्यक्ष रूपमा ठाडो हस्तक्षेप भएको ठहर गर्दै नेपालका देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्तिहरू देशव्यापी विरोध प्रदर्शनमा उत्रन बाध्य भए ।

विडम्बनाको कुरो यो नक्शा भारतले सार्वजनिक गर्नु भन्दा अगाडि नै नेपालमा कालापानी क्षेत्रविनाको नेपालको नक्शा छ्याप्छ्याप्ती पारिएको थियो । नेपालका सरकारी कार्यालयमा समेत त्यस प्रकारको नक्शा टाँगिएको पाउँथ्यौं । स्कुलका पाठ्य सामाग्रीमा पनि त्यस किसिमको नक्शा नै पठन पाठनमा ल्याउन थालिएको थियो । नेपालको निशाना छापमा पनि सोहि अनुसारको नक्शा नै छापिएको थियो । नेपालको ब्यूरोक्रेसी, नक्शा प्रकाशक र वितरकहरू यस खालको राष्ट्रघाती क्रियाकलापमा तल्लिन हुँदै आएको र नापी विभाग लगायतका नेपाल सरकारका निकाय मौन बसेको थिए । यसरी नक्शा माफियाको गिरोह नै सक्रिय भएको देखिन्थ्यो । यसको विरोधमा मुख्यतः नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा तथा जनवर्गीय संगठनहरूले भण्डाफोरका कार्यक्रमलाई तिव्रता दिए । देशभक्त जनगणतान्त्रिक मोर्चा र क्रान्तिकारी युवा लिगले २०७५ असोज २३ गते कालो ऱ्याली ९द्यबिअप :बचअजउबककक० को आयोजना गरेको थियो । यसबाहेक विभिन्न नगरपालिका, सरकारी कार्यालय, विद्यालय र नापी विभागमा अनुगमन तथा सचेतना अभियानाद्वारा नेपालको नक्शामा भइरहेको गलत क्रियाकलापको भण्डाफोर गर्दै विभिन्न कार्यालयमा टाँगिएका गलत नक्शालाई हटाउन उत्प्रेरित गर्ने काम भएको थियो । २०७५ फागुन २६ गते देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल, काठमाडौंको आयोजनामा "राष्ट्रिय स्वाधीनता र नेपालको वास्तविक नक्शा प्रयोगको प्रश्न" विषयक सर्वपक्षीय अन्तर संवाद कार्यक्रम पनि आयोजना भएको थियो ।

यसै क्रममा २०७६ माघ १३ गते क्रान्तिकारी युवा लिग नेपालले लिम्पियाधुरा सहितको नेपालको नक्शा प्रकाशन गरी देशैभरि वितरण गरेको थियो । नेकपा (क्रान्तिकारी माओवादी)ले ०७६ फागुन १ गतेबाट देशव्यापी रूपमा संचालन गरेको मेची महाकाली जागरण अभियानमा देशका विभिन्न ठाउँमा कार्यक्रमहरू संचालनका क्रममा एमसीसीको विरोध र लिम्पियाधुरासहितको नेपालको भुगोलको जानकारी एवं नक्शा वितरण गरिएको थियो ।

मे ८, २०२० (२०७७ वैशाख २६) गते भारतका रक्षा मन्त्रीद्वारा धार्चुलादेखि लिपुलेकसम्मको बाटो उद्घाटन गर्ने कार्य गऱ्यो । जुन बाटो भारतले नेपालको भूभागमा अनाधिकृत रूपमा निर्माण गर्दै आएको थियो । सन् १९६२ देखि कालापानीमा भारतीय सेना बस्दै आएको थियो । सोही सेनाको आडमा नेपालको भूभागमा भारतले आफ्नो मनोमानी गरिरहेको छ । यस खालको घटनालाई लिएर नेपालले विमत्ती जनाएको त छ तर दिन दिनै भइरहेको चलखेल रोक्न सकेको छैन । न त भारतीय सेनालाई त्यहाँबाट हटाउन सफल भएको छ । नेपाल सरकारले पनि लिम्पियाधुरा सहितको नेपालको नक्शा ढिलै भएपनि सन् २०२० मे २० (२०७७ जेठ ७) गते सार्वजनिक गऱ्यो ।

सन् २०१५ मे १५ (२०७२ जेठ २) मा भारतीय प्र.म. र चिनियाँ प्र.म. बीच बेजिङमा ४१ बुँदे सम्झौताको २८ नं. बुँदामा दार्चुला जिल्लाको व्यास गा.वि.स. वडा नं. १ मा पर्ने लिपुलेकलाई भारत र चीनबीचको व्यापारिक नाकाको रूपमा प्रयोग गर्ने भनी उल्लेख गरिएको छ । यस घटनाप्रति विरोध जनाउदै नेपाल सरकारबाट कुटनीतिक नोट जारि गरिएको थियो । चीन र भारत बीचमा लिपुलेकलाई व्यापारिक नाकाको रूपमा प्रयोग गर्ने सम्झौता सन् १९५४मा नै भएको थियो । यो सम्झौताको बारेमा नेपाल सरकार र नेपाली जनताले चासो दिएको थिएन ।

२०७२ सालको लिपुलेक सहमती पछि भने सो सहमतीको विरोधमा तात्कालीन नेकपा-माओवादी, नेकपा (एकिकृत) सम्मिलित ३४ दलीय मोर्चाले प्रधानमन्त्री सुशील कोइरालालाई ज्ञापनपत्र बुझाएको थियो । सोही मोर्चाबाट चीनका राष्ट्रपति र भारतका प्रधानमन्त्रीलाई पनि ज्ञापनपत्र बुझाइएको थियो । विभिन्न राजनीतिक दल, मोर्चा, विद्यार्थी संगठनहरूबाट संयुक्त वक्तव्य तथा प्रेस विज्ञप्ति जारी गर्ने र पत्राचार तथा ज्ञापनपत्र बुझाउने काम गरिएको थियो । यसै विषयलाई लिएर नेकपा-माओवादीनिकट अखिल नेपाल स्वतन्त्र विद्यार्थी यूनियन क्रान्तिकारीद्वारा आयोजित काठमाण्डौ-दार्चुला-लिपुलेक जागरण अभियानको उद्घाटन २०७२ साउन २२ मा प्रमुख अतिथि क. किरणबाट भयो । उक्त टोलीले विभिन्न कार्यक्रम गर्दै साउन ३२ गते तिङ्कर भञ्ज्याङस्थित नेपाल-चीन सीमास्तम्भ १ मा पुगेर नेपालको झण्डा फहराएका थिए । सोही विद्यार्थी संगठनद्वारा संयुक्त राष्ट्रसंघका महासचिव वानकि मूनलाई सम्वोधन गरी ज्ञापनपत्र पनि बुझाएका थिए । नेकपा-माओवादीनिकट कानून व्यवसायीहरूको संगठन 'प्रगतिशील कानून व्यवसायी संघ'ले असार १ गते लिपुलेक सहमतिको विरोधमा अन्तर्क्रिया कार्यक्रम आयोजना गऱ्यो । यसरी लिपुलेक सम्झौताको विरोधमा दर्जनौ लेखहरू प्रकाशित भए, कयौ अन्तर्क्रियाहरू, धर्ना तथा विरोधप्रदर्शनहरू र आमहड्तालका कार्यक्रम सञ्चालन भएको थियो ।

काली नदी वा उक्त कालापानी क्षेत्रको भूगोल नेपालको हो वा होइन भन्ने विषयमा विवाद होइन र थिएन पनि । यो त कमजोर मुलुक नेपाललाई भारत जस्तो शक्तिशाली मुलुकले हेप्न पाउने वा नपाउने र हामीले सहने वा लडने या के गर्ने ? भन्ने हो । विस्तारवादी नीति अँगालेको भारतले सन् १९६२ को चीन र भारतको युद्धपछि यो नाकाको महत्व अझ धेरै बुझे र यस क्षेत्रलाई हत्याउन भारतीय सेनालाई तैनाथ गरि नै राख्यो । त्यही सेनाको बलमा कालापानी क्षेत्रमा नेपालको गतिविधि सुन्य बनाउदै लग्ने काम भयो । जिल्ला सदरमुकामबाट कालापानी क्षेत्रसम्म जाने बाटोको सुविधा पुऱ्याउन नसक्दा त्यहाँका जनतालाई गाँस, बास र कपासका लागि भारतसँग आत्मसमर्पण गर्नुपर्ने अवस्था बन्यो ।

यदि यो भूमि नेपालको नियन्त्रणमा नआउने हो भने अखण्ड नेपाल खण्डित हुनेछ र देश स्वाधीन हुने छैन । नेपालले कुनैपनि हालतमा लिम्पियाधुरा कालापानी लिपुलेक क्षेत्रमा जनगणना गर्नै पर्छ । नेपालको उक्त भूमि भारतीय नियन्त्रणको अन्त्यका लागि कर्मचारी स्तरबाट गरिने कूटनीतिबाट हल हुन सम्भव छैन । नेपालले प्रधानमन्त्री स्तरबाट वार्ता गरी समस्यालाई सिग्र हल गर्न प्रयत्न गर्नु पर्दछ । यदि भारतले यस्तो पहललाई पनि अटेरी गर्छ भने यस समस्यालाई अन्तर्राष्ट्रियकरण गरी अन्तर्राष्ट्रिय जगत्लाई सहयोगको अपील गर्नु पर्दछ । यसका साथै उक्त भूमिका सबै प्रमाणसहित अन्तर्राष्ट्रिय अदालतमा मुद्दा दायर गर्नु पर्दछ । यदि भारतले सुगौली सन्धी अनुसारको नेपालको पश्चिम सीमाना नस्वीकारी त्यस भूगोलमा यथावत नियन्त्रण गरिरहेमा नेपालले पनि सुगौली सन्धी मानिरहनु पर्ने छैन । नेपालले सुगौली सन्धी पूर्वको सीमाना दावी गरी अन्तर्राष्ट्रियकरण गर्नु पर्दछ । भारतीय शासक र नेपालका दलाल शासकहरूलाई तीब्र दवाव दिन देशभित्र र बाहिर सबै देशभक्त नेपाली एक भएर लिम्पियाधुरा कालापानी लिपुलेकमाथि भइरहेको भारती कब्जाको विरोधमा शसक्त आन्दोलन गर्नु पर्दछ ।

***सन्दर्भ सामग्री***

*रतन भण्डारी, अतिक्रमणको चपेटामा लिम्पियाधुरा-लिपुलेक २०७३*

*प्रा.डा. गोपाल शिवाकोटी, दीपेन्द्र रोकाया, लिपुलेक नाका भ्रम र यथार्थ २०७२*

***साभार : ह्याउँ निभाः वर्ष १६ पूर्णाङ्क ४ कार्तिक २०७८***

## जातीय...

ऐतिहासिक विकासको प्रक्रियामा सामाजिक ऐक्यबद्धताका विभिन्न रूपहरू देखापरेका छन्, ती हुन्-गोत्र, कबिला, जनजाति र जाति ।

गोत्र रक्तसम्बन्धमा आधारित हुन्छ । यसलाई वंशगत एक्यता पनि भनिन्छ । मानवजातिको इतिहासमा मातृसत्ता र पितृसत्तामा आधारित दुई प्रकारका गोत्रव्यवस्था रहेका छन् । विभिन्न गोत्रहरूको संयोजनबाट कबिलाको निर्माण हुन्छ र कबिलालाई गणजाति पनि भन्ने गरिन्छ । कबिलामा वंशगत ऐक्यताका साथै भाषा र भूगोलको ऐक्यता पनि रहेको हुन्छ । जनजाति समुदाय भनेको कबिलाभन्दा माथिको र जातिभन्दा तलको समुदाय हो । जनजाति समुदाय वंशगत रक्तसम्बन्धमा कम र भूगोल, भाषा एवम् संस्कृतिमा बढी आधारित हुन्छ । जाति मानिसहरूको ऐक्यताको विकसित रूप हो । जातिलाई अर्को शब्दमा राष्ट्र पनि भनिन्छ । जाति भनेको साझा भाषा, साझा भूभाग, साझा आर्थिक जीवन र साझा साँस्कृतिक मनोविज्ञानमा आधारित स्थिर मानवसमुदाय हो ।

जाति पुँजीवादी-जनवादी युगको ऐतिहासिक अवधारणा हो । जातिसम्बन्धी अवधारणाको विकास पश्चिममा सामन्तवादको अन्त र पुँजीवादको उदयको प्रक्रियामा भएको हो । यो जातीय मुक्ति र आत्मनिर्णयको अधिकारको प्रश्नजँग जोडिएको छ ।लेनिनले जातीय आत्मनिर्णयको अधिकारबारे उल्लेख गर्दा तीन प्रकारका देशहरूको चर्चा गर्नुभएको छ । पहिलो श्रेणीमा जातीय राज्यहरूको विकास भएका देशहरू पर्दछन् । पश्चिमी यूरोपका इङ्गल्याण्ड, फ्रान्स, जर्मनी, इटली जस्ता राज्यहरू यसै प्रक्रियामा विकसित भएका हुन् । जहाँ सामन्तवाद बढी कमजोर र पुँजीवाद बढी मजबूत छ । ती देशहरूमा यस ढङ्गका राष्ट्रिय राज्यहरू विकसित भएका देखिन्छन् । दोस्रो श्रेणीमा ती देश पर्दछन् जहाँ बहुजातीय राज्यहरूको निर्माण भएको छ । रुस यही विशेषता भएको राज्य हो । जहाँ सामन्दवाद बढी मजबूत र पुँजीवाद कमजोर छ, त्यहाँ यस्तै भएको पाइन्छ ।

पुँजीवादले साम्राज्यवादको रूप लिएको, साम्राज्यवादद्वारा सामन्तवादी अवस्थामा रहेका अविकसित देशहरूमा उत्पीडनको प्रक्रिया अगाडि बढाइएको र ती देशहरूमा पुँजीवादको स्वाभाविक विकासको मार्ग अवरुद्ध भएको वर्तमान साम्राज्यवाद र सर्वहाराक्रान्तिको युगमा जातीय मुक्तिआन्दोलन एसिया, अफ्रिका र दक्षिण अमेरिकाका अविकसित देशहरूमा संकेन्द्रित बन्न पुगेको छ । यस प्रकारका देशहरूमा सपन्न पहिलो जातीय मुक्ति आन्दोलनको कार्यभार दोहोरो बन्न गएको छ । यस प्रकारको दोहोरो कार्यभार भनेको आन्तरिक रूपमा सामन्तवादी उत्पीडक... र बाह्यरूपमा साम्राज्यवादको विरुद्ध जातीय मुक्ति आन्दोलन सम्पन्न गर्नु हो ।

भौतिकवादी द्वन्द्ववादको विशेषता दुनियाँ बुझ्नु र बदल्नु हो । यसलाई अर्को शब्दमा अन्तर्विरोधहरूको यही पहिचान गर्नु र तिनको सही समाधान गर्नु हो । हरेक प्रकारका उत्पीडित र उत्पीडक जातिहरूका बीच विद्यमान अन्तरविरोधको समाधान आत्मनिर्णयको अधिकार प्रदान गरेर हुन सक्दछ र यसको प्रयोग विभिन्न देशमा विभिन्न ढङ्गले हुने गर्दछ । यो जातीय एकीकरणका रूपमा समाजवादी आन्दोलन र विश्वव्यवस्थाको दिशातर्फ परिलक्षित रहेको छ ।

***राजनीतिक कार्यदिशा***

माक्सवादले के मान्दछ भने क्रान्तिका लागि क्रान्तिकारी राजनीतिक कार्यदिशाको आवश्यकता पर्दछ र यस प्रकारको कार्यदिशाको निर्धारण द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी मान्यताअनुसार राष्ट्रिय तथा अन्तर्रास्ट्रिय परिस्थितिको ठोस विश्लेषणका आधारमा नै हुन्छ ।

पुँजीवादको प्रारम्भिक विकासको प्रक्रियामा सामन्तवादका विरुद्धको सङ्घर्षमा जातीय मुक्तिआन्दोलनको नेतृत्व पुँजीपतिले गरेको थियो । परन्तु, अब पुँजीवादले साम्राज्यवादको रूप लिएको र वर्तमान युगको क्रान्तिको नेता सर्वहारा वर्ग बन्न गएको स्थितिमा जातीय मुक्ति आन्दोलनको नेता पुँजीपतिवर्ग बन्न सक्दैन ।

आजको युग साम्राज्यवादी भूमण्डलीकरणको युग हो । आजको युगमा जातीय मुक्ति आन्दोलनको सफलताका लागि आफूलाई सर्वश्रेष्ठ र सर्वोत्कृस्ट ठान्दै बाँकी संसारलाई हेप्ने भूमण्डलीकृत साम्राज्यवादका विरुद्ध सङ्घर्ष गर्न अनिवार्य भएको छ ।

जातीय आन्दोलन विशुद्ध जातीय आन्दोलन होइन, यो वर्गीय आन्दोलनको मातहतमा सञ्चालित हुन्छ । हरेक जातीय आन्दोलनको विशिस्ट जातीय स्वत्व अवश्य हुन्छ, परन्तु त्यो वर्तमान युगमा सर्वहाराको नेतृत्वमा सम्पन्न गरिने क्रान्ति अर्थात् नयाँ जनवादी तथा समाजवादी क्रान्तिको एक अभिन्न अङ्ग बनेको छ । त्यसैले, जातीय आन्दोलन र वर्गीय आन्दोलन बीचको एकता आजको अपरिहार्य ऐतिहासिक आवश्यकता बन्न गएको छ ।

जुन मानवसमुदायहरूलाई हामीले जातिका रूपमा ग्रहण गर्दछौं ती जातिहरूले आत्मनिर्णयको अधिकार प्राप्त गर्नुपर्दछ र सिद्धान्ततः ती अलग राज्यको रूपमा पनि रहन सक्दछन् । परन्तु हामीले जातीय समस्याको समाधान ठोस परिस्थितिको ठोस अध्ययनका आधारमा गर्नुपर्दछ । जातीय मुक्ति र आत्मनिर्णयको अधिकारको प्रयोगका सन्दर्भमा दुई कुराहरू ध्यान दिन योग्य छन् । पहिलो, जातीय मुक्ति वा आत्मनिर्णयको अधिकारको प्रयोगका लागि, साझा भाषा, भूगोल आर्थिक जीवन र साँस्कृतिक मनोविज्ञानमा आधारित स्थिर मानवसमुदायको अस्तित्व अनिवार्य रूपमा आवश्यक हुन्छ । परन्तु त्यसो हुनु मात्र पर्याप्त हुँदैन । त्यसका लागि त्यसप्रकारको जातीय मुक्ति आन्दोलन समाजवादी क्रान्तिको अङ्गका रूपमा विकसित भइरहेको छ वा साम्राज्यवाद अन्तर्गत भन्ने कुरालाई राम्रोसँग प्रस्ट्याउनु पर्दछ । साम्राज्यवाद अन्तर्गत जातीय मुक्ति वा आत्मनिर्णयको अधिकारको प्रयोग असम्भव छ । दोस्रो, आत्मनिर्णयको अधिकारको प्रयोग निरपेक्ष रूपमा अलग राज्यको स्थापना भन्ने होइन , यसको असली अर्थ सबै जातिहरू अधिकार सम्पन्न हुने र समाजवाद अन्तर्गत एकीकृत भएर रहने नै हो । यहाँ हामीले के बुझ्न जरुरी छ भने आत्मनिर्णयको अधिकारको पारपाचुकेको अधिकार प्राप्त गरेको स्थितिमा महिलाहरूले लोग्नेहरूलाई छोड्दै हिँड्नुपर्छ भनेको होइन । ठीक यही कुरा अलग राज्य स्थापनाबारे पनि लागु हुन्छ ।

महान् लेनिनले जातीय मुक्तिका लागि जातीय आत्मनिर्णयको अधिकार अर्थात् अलग राज्य बनाउन पाउने अधिकार आवश्यक हुने कुरा बताउनुभयो । तदनुसार सोभियत समाजवादी राज्यसत्ताको निर्माणको प्रकृयामा सबै उत्पीडित जातिहरूले त्यो अधिकार प्राप्त गरे, परन्तु ती अलग भएनन् । आत्मनिर्णयको अधिकारको प्रयोगबारे सोभियत रुसलाई हामीले आदर्शका रूपमा लिनुपर्दछ ।

***नेपाली सन्दर्भ***

नेपाली समाजको ऐतिहासिक विकास प्रक्रियामाथि ध्यान दिँदा यहाँ मानवसमुदायको ऐक्यताका गोत्र, कबिला, जनजाति, जाति जस्ता सबै रूप पाइन्छन् । पश्चिममा सामन्तवादको अन्त्य र पुँजीवादका उदयको प्रक्रियासँगै जुन राष्ट्रिय राज्यहरूको विकास भयो नेपालमा त्यो पाइन्न । नेपाली समाजको ऐतिहासिक विकास प्रक्रिया आर्थिक, राजनीतिक र साँस्कृतिक रूपले असमान रूपमा रहिआएको र यहाँ सामन्तवादको अन्त नहुँदै साम्राज्यवादको घुसपैठ भएको हुँदा नेपालको जातीय मुक्ति आन्दोलनको प्रश्नलाई भिन्न अर्थमा ग्रहण गर्नुपर्दछ । नेपालमा यो समस्या अर्ध-औपनिवेशिक मुलुकमा रहेका देशहरूसँग बढी वा मूल रूपमा मेल खान्छ ।

नेपालमा उत्पीडित जाति-जनजातिका रूपमा रहिआएका नेवार, तामाङ, मगर, गुरुङ, खम्बु, लिम्बु, थारुलगायतका मानव समुदाय मुक्तिका लागि लामो समयदेखि सङ्घर्ष सामन्तवाद र साम्राज्यवाद दुवैका विरुद्ध परिलक्षित रहेको छ । नेपाली समाजको ऐतिहासिक विकास प्रकृयामा मूलतः दुई प्रकारका अन्तर्विरोधहरू पाइन्छन्, ती हुन (१) सामन्त र जनसमुदायका बीचको अन्तर्विरोध तथा (२) नेपाल र वैदेशिक प्रतिक्रियावाद बीचको अन्तर्विरोध । जहाँसम्म उत्पीडक र उत्पीडित जातिहरूका बीचको अन्तर्विरोधको प्रश्न हो, त्यो सामन्ती-खस ब्राह्मणवादी उच्च जातीय अहङ्कारबाद र उत्पीडित जातिका बीचको अन्तर्विरोधका रूपमा अभिव्यक्त भएको छ । यसप्रकारको अन्तर्विरोध सामन्तवाद र साम्राज्यवाद वा विस्तारवाद दुवैपक्षसँग जेलिएको छ ।

हाम्रो देशमा विद्यमान उत्पीडक र उत्पीडित जातिका बीचको अन्तर्विरोधको समाधानका लागि नेकपा -क्रान्तिकारी माओवादी)३द्वारा आत्मनिर्णयको अधिकारको स्वीकृतिसहित जातीय स्वायत्त शासनको मान्यता प्रस्तुत हुँदै आएको छ र यो मार्क्सवादसम्मत रहेको छ ।

नेपालमा राष्ट्रिय स्वाधीनताको रक्षा, जन४गणतन्त्रको स्थापना, नयाँ आधारमा नयाँ ढङ्गले राज्यको पुनःसंरचना, वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय तथा जातव्यवस्थामा आधारित समस्याहरूको समाधान आदि विषयमा विभिन्न तहका जनसमुदाय र जनवर्गबीच सचेत र सङ्घर्षरत बन्ने काममा ऐक्यबद्धता कायम रहिआएको छ । यो कुराको पुस्टि महान् जनयुद्धको प्रकृयामा शानदार रूपमा भएको छ ।

***नेवार समुदाय***

नेवार समुदाय नेपालको आदिवासी मानवसमुदाय हो । प्राचीय नेपालमा क्रमशः गोपाल, महिषपाल र किराँत समुदायको अवस्थिति रहेको उल्लेख हुँदै आए पनि गोपाल र महिषपाल समुदायको अस्तित्वबारे ठोस प्रमाण पाइँदैन । प्राचीन नेपालमा किराँतको अवस्थिति मूलतः प्रमाणित नै देखिन्छ र नेवार समुदायलाई किरातसमुदायसँग जोड्ने गरिएको छ । नेपालको नामाङ्कनको सन्दर्भ पत्ता लगाउने प्रकृयामा विभिन्न प्रकारका मतभेद प्रकट हुँदै आए पनि किराँत समुदाय अन्तर्गतको नेपार वा नेवारबाट नेपाल शब्दको उत्पत्ति भएको भन्ने कुरा बढी तथ्यसङ्गत देखिन्छ । त्यसैले नेपाल र नेवार शब्दका बीच घनिस्ट सम्बन्ध रहन गएको छ ।

प्रारम्भदेखि लिच्छविकाल हुँदै विभिन्न समयमा उत्तर र दक्षिणतिरबाट प्रदेश गरेका मङ्गोल, आग्ने र आर्य प्रजातिका समुदायसँगका पारस्परिक सम्बन्ध र अन्तर्घुलनका बीचबाट नेवार समुदाय विकसित हुँदै आएको बुझिन्छ र यसमा मङ्गोल समुदायको अधिकता रहेको पाइन्छ । यो प्रक्रियामा नेवार समुदाय गोत्रबाट कबिला र कबिलाबाट जनजातिमा विकसित हुँदै आएको छ । काठमाडौं उपत्यकामा समुन्नत सभ्यता र संस्कृतिको निर्माण तथा विकास गर्ने काममा नेवार समुदायले प्रमुख भूमिका निर्वाह गरेको छ । यो उपत्यकाले कला र संस्कृतिको क्षेत्रमा विविधता र मौलिकता प्रस्तुत गरी विश्वलाई नै विमुग्ध तुल्याउँदै आएको कुरा सुस्पस्ट छ । यसै प्रक्रियामा साझा भाषा, भूगोल, आर्थिक जीवन र साँस्कृतिक मनोविज्ञानका आधारमा नेवार समुदायले आफ्नो जातीय पहिचान स्थापित गर्दै आएको छ ।

परन्तु, यस सिंगो प्रकृयामा लिच्छवीकालदेखि शुरु भै पृथ्वीनारायण कालसम्म आउँदा वर्ण व्यवस्थामा आधारित जातवादी मान्यतालाई चरम रूप दिने र राजनीतिक, आर्थिक तथा साँस्कृतिक रूपमा अतिक्रमण गर्ने काम भए । फलतः नेवार समुदायको जाति वा राष्ट्रको रूपमा हुँदै गइरहेको विकासमा गंभीर प्रकारको अवरोध पैदा भयो । सामन्ती खस ब्रम्हाणवादी उच्च जातीय अहंकारवादद्वारा उत्पीडित रहिआउनुको कारण नेवार समुदायको भाषा, भूगोल, अर्थतन्त्र र संस्कृतिसहित आफ्नो जातीय स्वत्व, बर्चस्व र पहिचानमाथि गंभीर प्रकारको खतरा पैदा हुँदै आएको छ ।

नेवार समुदाय जातीय चेतनामात्र होइन, वर्गीय चेतनाले समेत संमृद्ध रहीआएको छ । नेपाल कम्युनिस्ट पार्टीको स्थापना गर्ने र मार्क्सवादी चेतना फैलाउने काममा यो समुदायका वर्गसचेत नेताहरूले महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । राणातन्त्र तथा राजतन्त्र विरोधी संघर्ष, सामन्तवाद तथा साम्राज्यवाद विरोधी संघर्ष तथा देशभक्तिपूर्ण आन्दोलन, महान् जनयुद्ध, पहिलो तथा दोस्रो जनआन्दोलनमा यो समुदायको उल्लेखनीय भूमिका रहेको छ । साथै, नेवार जातीय मुक्ति आन्दोलनलाई अगाडि बढाउने काममा पनि यो समुदाय सचेत एंवम् सक्रिय रहीआएको छ । उपर्युक्त प्रकारका आन्दोलनहरूमा नेवार समुदायले त्याग, वीरता र वलिदानका अनुपम कीर्तिमानहरू स्थापित गर्दै आएको कुरा कसैबाट छिपेको छैन ।

***उपसंहार***

नेपाली जातीय मुक्ति आन्दोलनसहित सिंगो नेपाली नयाँ जनवादी क्रान्तिको सफलताका लागि जातीय मुक्ति आन्दोलन र वर्गीय आन्दोलनका बीच एकरूपता अनिवार्य रूपमा आवश्यक छ । आजको तात्कालिक आवश्यकता भनेको सामन्तवादी ब्रम्हाणवादी५ राज्यसत्ताको अन्त गरी नेपालमा नयाँ आधारमा राज्यको पुर्नसंरचनासहित संघीय जन४गणतन्त्रको स्थापना गर्नु र यसै प्रकृयामा जातीय मुक्ति आन्दोलनका समस्याहरूको समधान गर्दै अगाडि बढ्नु हो ।

आज विश्वभर र नेपालमा पनि जातीय मुक्ति वा आत्मनिर्णयको अधिकारको मान्यतालाई साम्राज्यवाद र सामन्तवाले साम्प्रदायिकतावादका रूपमा भ्रस्टीकरण र विद्रुपीकरण गर्ने धृस्टता गर्दै आएका छन् । उनीहरूको पुरा जोड जातीय आन्दोलनलाई वर्गीय आन्दोलनबाट कटाउनुमा रहेको छ । यो कुरालाई हामीले अत्यन्तै गंभीरतापूर्वक आत्मसात् गर्न जरुरी छ ।

***सम्पादकको टिप्पणी***

नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव क.मोहन वैद्य "किरण" हाल विमारी भई लेख लेख्न असमर्थ हुनु भएकोले उहाँको नेस ११२८ मा हयाउँ निभाःमा प्रकाशित लेखका केही शब्द हेरफेर गर्दा आजको लागि पनि सान्दर्भिक हुने भएकोले उहाँको स्वीकृतिमा यो लेख प्रकाशित गरिएको छ ।

*१. यो लेख ह्याउँ निभाः वर्ष १ अंक १ मा नेस ११२८ मा प्रकाशित "जातीय मुक्ति आन्दोलन : दार्शनिक मान्यता र नेवार समुदाय" शीर्षक रहेकोमा शीर्षकमा केही परिवर्तन गरी प्रकाशित गरिएको छ ।*

*२. नेस ११२८ मा प्रकाशन भएको वेलाको पार्टी जिम्मेवारीलाई परिर्वन गरी हालको पार्टी जिम्मेवारी अनुसार राखिएको छ ।*

*३. पार्टीको नाममा परिवर्तन गरी अहिलेको नाम राखिएको छ ।*

*४. पार्टीको वर्तमान नीतिअनुसार र सान्दर्भिकताका लागि लोकतान्त्रिक शब्दलाई जन बनाइएको छ ।*

*५. हालको सन्दर्भ मिलाउन एकात्मकको स्थानमा ब्रम्हाणवादी राखिएको छ ।*

*(लेखक नेकपा क्रान्तिकारी माओवादीका मूछ्याञ्जे (महासचिव) हुनुहुन्छ ।)*

***साभार : ह्याउँ निभाः वर्ष १६ पूर्णाङ्क ४ कार्तिक २०७८***

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.नं. १२-२ ०७६/०७७) वर्ष ६ अङ्क ३१ वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# लिम्पियाधुरा-लिपुलेक-कालापानी र राष्ट्रिय स्वाधीनता

*भारतसँग नेपालको पश्चिमको सीमा समस्या सन् १८१६ मार्च ४ (१८७२ फागुन २४) को सुगौली सन्धिमा काली नदी र त्यसको मुहानसँग सम्बन्धित छ। किनभने सुगौली सन्धि र सन् १८६० नोवेम्भर १ (१९१७ कार्तिक १८)को नयाँ मुलुक सन्धि भएबाट हालको नेपालको भुगोल कायम हुन गएको हो*



● अमिर महर्जन ●

नेपालको राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता र सार्वभौमसत्ता आज सबैभन्दा कमजोर अवस्थामा पुगेको छ। नेपालमा हुने राजनीतिक परिवर्तन, सेना, प्रहरी कर्मचारी बढुवा तथा सरुवा, संवैधानिक निकायमा हुने नियुक्तिमा पनि विदेशी शक्ति केन्द्रको चलखेल भइरहेको छ। साथै साँस्कृतिक, आर्थिक र विकास निर्माण तथा सामाजिक क्षेत्रमा पनि वाह्य हस्तक्षेप निकै बढेको छ। महाकाली सन्धि, कोशी सम्झौता, माथिल्लो कर्णाली विद्युत परियोजना, अरुण तेस्रो, गण्डक सम्झौता लगायत जलविद्युतको क्षेत्रमा भारतको हस्तक्षेप देखिन्छ। राष्ट्रघाती एमसिसि परियोजना पास गराउन एडमिरल फिलिपदेखि फातिमा जे सुमारसम्म पनि नेपालमा आई यहाँका प्रधानमन्त्री, मन्त्री, नेता तथा बुद्धिजीवीहरू र सेनासँग समेत भेटघाट गरी प्रत्यक्ष वा परोक्ष रूपमा दवाव दिने काम भएको छ। जयसिंह धामीको तुइन प्रकरण सीमा क्षेत्रमा भारतीय सीमा सुरक्षा बल (एसएसबि)बाट हुने गरेका ज्यादतीको उदाहरण हो। राष्ट्रघातका श्रृखला चुलिरहँदा यिनै विषयमध्येका लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा भएका विदेशी हस्तक्षेप र नेपालको नक्शाका विषयमा यो लेख केन्द्रित रहेको छ।

भारतसँग नेपालको पश्चिमको सीमा समस्या सन् १८१६ मार्च ४ (१८७२ फागुन २४) को सुगौली सन्धिमा काली नदी र त्यसको मुहानसँग सम्बन्धित छ। किनभने सुगौली सन्धि र सन् १८६० नोवेम्भर १ (१९१७ कार्तिक १८)को नयाँ मुलुक सन्धि भएबाट हालको नेपालको भुगोल कायम हुन गएको हो। साथै सुगौली सन्धिमा काली नदी पश्चिमको भूभाग र उक्त क्षेत्रको जनतासँगको सम्वन्ध नेपालका शासकले तोड्नु पर्ने उल्लेख गरिएको छ।

नेपाल-अंग्रेज युद्धविराम पछि सन् १८१५ डिसेम्बर २ (१८७२ मंसिर १९)मा कम्पनी सरकारका तर्फबाट पी ब्राड शाहले नेपाल समक्ष शान्ति तथा मैत्री सन्धिको प्रस्ताव पेश गरेपछि र सुगौली सन्धि हुनुभन्दा अगाडि सन् १८१६ जनवरी २ (१८७२ पुष २०)मा ब्रिटिश सरकारको तर्फबाट हाइड्रोग्राफर ए. एरोस्मिथबाट तयार गरेको काली नदी समावेश भएको नक्शामा काली नदीको उद्गमस्थल लिम्पियाधुरा देखाइएको छ। काली नदीलाई नै स्थानीय भाषामा कुटी याङ्दी भन्ने गरिन्छ। त्यसपछि सन् १८५६ अप्रिल २४ (१९१३ बैशाख १४) सम्ममा उक्त क्षेत्रको लगभग १० वटा नक्शा ब्रिटिस सरकारबाट प्रकाशित भए। ती सबैमा काली नदीको मुहान लिम्पियाधुरा नै देखाइएको छ। सन् १८६५, १८७१ र १८७९मा प्रकाशित नक्शामा भने लिम्पियाधुराबाट आउने नदीलाई कुटी नदी र लिपु भञ्ज्याङको पश्चिमपट्टिको गरिफूबाट बग्ने खा याङ्दीलाई काली नदी भनेर भ्रम सिर्जना गरिएको देखिन्छ। सन् १८८१, १९२४, १९३०, १९३१ मा प्रकाशित नक्शाहरूमा र हाल सन् २०१९ नोवेम्भर २ (२०७६ कार्तिक १६)मा प्रकाशित नक्शामा कालापानी र लिपुलेकलाई भारतमा नै पारिएको छ।

सन् १९७५ (वि.सं. २०३०)मा नेपालको नापी विभागले पहिलो पटक आफ्नो देशको नक्शा प्रकाशित गऱ्यो। उक्त नक्शा फिल्ड सर्वे गरी तयार गरेको नभई भारतद्वारा प्रकाशित नक्शाका आधारमा तयार पारिएको थियो। यस नक्शामा लिपुखोलालाई काली नदी भनेर देखाइएको छ। यो नै विडम्वनाको कुरा भयो कि सन् १९७९ (वि.सं. २०३६) मा दरबारको दबाबमा नापी विभागद्वारा त्यही गलत नक्शा नै छाप्न लगाइयो। सन् १९९३ (वि.सं. २०५०)

बाँकी ७ पेजमा

# ऋषि कट्टेल पार्टीको साधारण सदस्य समेत नरहने गरी निस्कासित

काठमाडौं। नेपाल कम्युनिस्ट पार्टीले अध्यक्ष ऋषिराम कट्टेललाई पार्टीबाटै निष्कासन गरेको छ। पार्टीको अहितमा काम गरेको भन्दै नेपाल कम्युनिस्ट पार्टीले कट्टेललाई पार्टीको साधारण सदस्य समेत नरहने गरी निष्कासन गरेको हो। अध्यक्ष कट्टेललाई साधारण सदस्यसमेत नरहने गरी कारबाही गर्दै कार्यबाहक अध्यक्षको जिम्मेवारी लोकनारायण सुवेदीलाई दिइएको नेपाल कम्युनिस्ट पार्टीले १३ माघमा जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

कट्टेललाई १३ माघदेखि लागू हुने गरी पार्टीबाट निष्कासन गरिएको कार्यबाहक अध्यक्ष सुवेदीले बताए। पार्टीको विधानविपरीत दलको अहित हुने काम गरेको आरोप



लागेपछि माघ ५ मा छानबिन समिति गठन गरिएको थियो। तर, छानबिन समितिको ७ माघमा सोधेको स्पस्टीकरणको जवाफ नदिएकाले कट्टेललाई पार्टीबाट निष्कासन गरिएको विज्ञप्तिमा उल्लेख छ।

'७ माघमा सोधिएको स्पस्टीकरणको कुनै पनि जवाफ नदिनुभएकाले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा १८, नेपाल कम्युनिस्ट पार्टीको विधान २०६९ को धारा १७.११ बमोजित दलको साधारण सदस्यसमेत सम्पूर्ण पद र जिम्मेवारीबाट छानविन समितिको सिफारिसबमोजिम आजैका मितिदेखि निष्कासन गरिएको व्यहोरा जानकारी गराइन्छ,' कार्यबाहक अध्यक्ष सुवेदीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।


## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं

- भ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं।
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं।
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं।
- हावाको उचित ओहोरदोहोर हुने गरी मात्र आगो वा हिटर बालौं।
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेसन खुला राखौं।

भ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ।


नेपाल सरकार
विज्ञापन बोर्ड




www.nepalwelhope.com.np

तपाईको सन्तुस्टि हाम्रो शान हाम्रो पहिचान

बिजय पेलेट दाना




नेपाल वेलहोप एग्री-टेक प्रा.लि.

भरतपुर-५ चितवन कल्याणपुर फोन नं. ०५६-५९११५३, ५९१७६६, E-mail : info@nepalwelhope.com.np

मुख्य कार्यालय
गैरीधारा, काठमाडौं
फोन: ०१-४४२२९४०/४४२२६०५

शाखा उद्योग-१
टंकीसिनवरी-२, विराटनगर, मोरङ
फोन: ०२१-४२०७००/४२०६९४

शाखा उद्योग-२
कोहलपुर-१४, पार्वतीपूर, बाँके
फोन: ०८१-४०३०८४

नेपालमा पहिलोपटक चिनीयाँ तथा नेदरल्याण्डको उच्च प्रविधिबाट तयार पारिएका कुखुरा, बंगुर तथा गाई भैंसीको दानाको लागि


**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।